# लोहारपट्टी नगरपालिका वस्तुस्थिति चित्रण २०७४

## खण्ड भूमिका

### १. पृष्ठभूमि :

नेपालमा योजनावद्ध विकास वि.सं. २०१३ सालदेखि प्रारम्भ भई हालसम्म १३ औं राष्ट्रिय आवधिक योजनाको कार्यान्वयन तहसम्म आईपुगेको छ । वि.सं.२०४६ सालको वहुदलीय व्यवस्थाको पुनःस्थापना पश्चात् स्थानीय स्रोत, साधन तथा क्षमता प्रवर्द्धन गर्ने उद्देश्यले विकेन्द्रीकरणलाई अवलम्बन गर्दै स्थानीय निकायका माध्यमबाट जनताहरुको सहभागितामा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अभ्यासको थालनी समेत भएको छ ।

यसै क्रममा स्थानीय निकायहरुलाई अधिकार सम्पन्न बनाई एक सवल सक्षम एवं जनउत्तरदायी निकायको रुपमा स्थापित गर्ने उद्देश्यले नेपालको संविधान २०७२ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ र तत् सम्बन्धी नियमावलीहरुले स्थानीयस्तरमा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय निकायहरुलाई सुम्पिएको छ । स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रको विकासका लागि आवधिक एव बार्षिक योजना तयार गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ ।

व्यवस्थित र प्रभावकारी रुपमा कुनै पनि योजनाको तर्जुमा गर्दा सूचना र तथ्याङ्कहरुको आवश्यकता पर्दछ । विद्यमान सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक एव वातावरणीय अवस्थाका बारे पर्याप्त जनकारी विना उपयुक्त योजना तर्जुमा गर्न सकिदैन । वास्तविक सूचना तथा तथ्यांकहरुको विश्लेषण विना तयार पारिएका योजनाहरु काल्पनिक, अपेक्षित प्रतिफल नदिने तथा असफल हुने सम्भावना रहन्छ । दिगो विकासको लागि योजनाहरुको तर्जुमा वैज्ञानिक एवं सहिढंगमा गरिनु पर्दछ । यसका लागि स्रोत, साधन, सम्भावना र आवश्यकतासम्वन्धी यथार्थपरक सूचना एवं तथ्यांकहरु संकलन तथा विश्लेषण गर्नु आवश्यक हुन्छ ।

नेपालको वर्तमान सन्दर्भमा लोकतान्त्रिक गणतन्त्र, समावेशीकरण र संघीयताले प्राथमिकता पाइरहेको अवस्थामा स्थानीय स्रोत साधनहरुको उचित पहिचान गरी जनताका वास्तविक चाहना र आवश्यकता अनुरुप योजना तर्जुमा हुनसके मात्र दिगो विकास सम्भव हुने कुरा निर्विवाद छ । यी तथ्यहरुलाई महसुस गरी हचुवाको भरमा योजना तर्जुमा गर्ने विद्यमान परिपाटीको अन्त्य गरेर स्थानीय तहहरुलाई आफ्नो क्षेत्रको वास्तविक सूचना तथा तथ्यहरु संकलन एवं विश्लेषण गरी, यसैको आधारमा आवधिक एव वार्षिक योजना तर्जुमा गर्ने परिपाटीको विकास भएको छ । यसै परिप्रेक्षमा नगरपालिकाहरुले पनि योजना तर्जुमा गर्नुपूर्व नगरपालिकामा उपलब्ध प्राकृतिक, भौतिक

एवं मानवीय स्रोत साधनहरुको यथार्थ सूचनाले नगरपालिकाको प्राकृतिक स्रोतको दिगो उपयोग, वातावरणमैत्री विकास एवं वातावरणीय सन्तुलन, जलवायु परिवर्तनका असरहरुमा अनुकूलन, विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन तथा सरसफाई एवं गुणस्तरीय शिशा, स्वास्थ्यजस्ता विषयलाई सम्बोधनका लागि नगरपालिकाको वस्तुगत विवरण अपरिहार्य छ ।

योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकन कार्यलाई प्रभावकारी, सूचनामा आधारित तथा यथार्थ र वस्तुपरक बनाउनका लागि पनि नगरपालिकाको वस्तुगत विवरण/पाश्र्वचित्रको अत्यन्त ठूलो महत्व रहेको हुन्छ । नगरपालिका पाश्र्वचित्रबाट उद्देश्यमूलक ढंगले नतिजा प्राप्त हुने गरी नगरपालिकाको समग्र विकासलाई निर्देशित गर्न तथा नगरपालिकाका महिला, वालवालिका, दलित, पिछडावर्ग, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सवैको आधारभूत आर्थिक अवसरहरूमा पहुँच र सामाजिक सशक्तीकरण मार्फत विकास क्रियाकलापहरुमा मूलप्रवाहीकरण गर्ने आधार तयार हुन्छ ।

नगरपालिका वस्तुगत विवरणमा संलग्न सूचना एवं भौगोलिक सूचना प्रणालीमा आधारित नक्साहरुले नगरपालिकाको स्थानगत स्वरूपलाई मध्यनजर गरी समग्र क्षेत्र तथा क्षेत्रको विकासमा सन्तुलन ल्याउनुका साथै स्थानीय सम्भावनालाई समृद्धिमा रुपान्तरण गर्न देखा परेका अवरोध (Bottleneck) तथा समाधानका उपाय पहिचानका लागि उपयुक्त तवरले स्रोत साधनको विनियोजनलाई मार्गनिर्देश गर्न नगरपालिका  वस्तुस्थिति विवरणको महत्व रहेको छ ।

यसै क्रममा नगरपालिका लोहारपट्टीबाट पनि आफ्नो नगरपालिकाको सर्वाङ्गिण विकासको लागि दीर्घकालीन सोँच बनाई सोहि अनुरुप आवधिक तथा वार्षिक योजना तर्जुमा गर्ने उद्देश्यले यो नगरपालिका वस्तुस्थिति चित्रण तथा विश्लेषण, २०७४ (नगरपालिका पाश्र्वचित्र) दस्तावेज तयार गरिएको छ ।

## २. नगरपालिका पाश्र्वचित्रका उद्देश्यहरु

यस नगरपालिका वस्तुस्थिति चित्रण तथा विश्लेषणका उद्देश्यहरु निम्नानुसार रहेका छन्ः

## ३. दीर्घकालीन उद्देश्य

- नगरपालिकाको समग्र विकासका लागि दीर्घकालीन सोँच एवं रणनीतिहरुलाई मध्यनजर गरी बस्तुस्थिति झल्कने तथ्यांक एवं सूचनामा आधारित यथार्थपरक र वस्तुपरक नगरपालिकाको आवद्यिक एवं बार्षिक योजना तर्जुमा गर्न योगदान पुर्‍याउने,

- ❖ नगरपालिकाका समग्र विषय क्षेत्रहरुका लागि नगरपालिका बासिन्दाका आवश्यकताहरुबारे जानकारी भई तदअनुरुपका योजनाहरु तर्जुमा र कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

## ४. तत्कालीन उद्देश्य

क) सरोकारवालाहरु लगायत सम्पूर्ण नगरपालिकाबासीका लागि नगरपालिकाको सूचनामा पहुँच पुऱ्याउने,

ख) नगरपालिकाको समग्र राजनीतिक, सामाजिक, आर्थिक, वातावरणीय एवं भौतिक पूर्वाधारहरु तथा नगरपालिका विकासको क्षमताबारे जानकारी प्राप्त गर्ने,

ग) नगरपालिकाको विकासका लागि आवधिक नगर विकास योजना तथा बार्षिक योजना तर्जुमा एवं अनुगमन मूल्यांकन गर्ने आधार तयार गर्ने ।

घ) नगरपालिकाका विभिन्न समुह (महिला, अाीत गरिब, संकटाग्रस्त तथा बंचितीकरणमा परेका परिवारहरुको अवस्था विश्लेषण गर्ने ।

ङ) समाजमा हुने विभिन्न किसिमका द्वन्दहरु (श्रोत साधनको प्रयोगमाथि, राजनीतिक, सामाजिक, सांस्कृतीक, परमपरागत मुल्य मान्यता) को पहिचान र विश्लेषण गर्ने ।

## ५. नगरपालिका पार्श्वचित्र तयारीको विधि एवं प्रक्रिया

नगरपालिका लोहारपट्टीको आवद्यिक नगर विकास योजना तयार गर्ने उदेश्यले निम्न अनुसारको विधि एवं प्रकृयाहरु अवलम्वन गरी यो नगरपालिका वस्तु स्थिती विवरण दस्तावेज तयार गरिएको छ ।

- राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा परिमार्जन गरिएको आवद्यिक नगर विकास योजना तर्जुको आधारमा उल्लेखित विषयवस्तुलाई लैङ्गिक एवं समावेशी तथ्याङ्कहरु प्राप्त गर्न सवै विषय क्षेत्र समेटी तथ्याङ्क/सूचना संकलन फारमहरु अद्यावधिक गरियो ।
- तयार गरिएका फारमहरुलाई नगरपालिकामा अवस्थित विषयगत क्षेत्रवालाहरुसंग वृहत्त छलफल गरी रुजु एवं अपुग सूचना, तथ्यांक ढांचा तयार गरियो ।
- नगरपालिका पार्श्वचित्र सम्वन्धी फारमहरु अद्यावधिक गरी सम्वन्धित सरकारी, स्थानीय तह, गैसस, शिक्षक, जानिफकार, महिला समुह, अगुवा तथा राजनीतिक प्रतिनिधिहरुबाट तथ्यांकन सूचना संकलन एवं विश्लेषण गरिएको र यसलाई पुनः विषयगत क्षेत्रवालाहरुबाट छलफल गराई थप सुझाव/तथ्याङ्क लिइयो ।

- केन्द्रीय तथ्याङ्क विभाग तथा जिल्ला तथ्यांक कार्यालय, जिल्ला कृषी विकास कार्यालय, जिल्ला पशु विकास कार्यालय, जिल्ला खानेपानी कार्यालय, जिल्ला वन तथा भू-संरक्षण कार्यालय, जिल्ला समन्वय समितिबाट प्रकाशित विभिन्न सूचनाहरु एवं प्रकाशित राष्ट्रिय जनगणनाको नतिजा अनुरुप जनसंख्या एवं आवास बारेको तथ्याङ्क प्रयोग गरिनुका साथै नेपालमा गरिबीको लघुक्षेत्र अनुमान २०६८, कृषि जनगणना समेतलाई आधार लिइयो ।
- पि.आर.ए. तरिकाबाट नगरपालिका स्तरको संकटाग्रस्त गरिबी अवस्था र रोजगारी अवस्था, अत्ति गरिब महिलाहरुको गतिशिलता नक्सा जस्ता विधिबाट नगरपालिका स्तरको सूचना लिईयो ।

यसरी विभिन्न रुपमा प्रकाशित एवं संस्थागत तथ्यांक एवं सूचनाहरुलाई आधार बनाई यो नगरपालिकाको वस्तुस्थिति झल्काउने दस्तावेज तयार गरिएको छ ।

## ६. अध्ययनको सीमा

यो दस्तावेज मुलतः प्रारम्भिक तथा द्वितीय श्रोतहरुका आधारमा तयार गरिएको हुनाले एवं यस क्रममा कतिपय प्रक्रियागत अप्ठ्यारा समेत रहेका हुनाले यस दस्तावेजका केही सीमाहरु तल उल्लेखित गरिएको छ ;

क) लोहारपट्टी नगरपालिकाको यो पहिलो अभ्यास भएकाले बिषयगत क्षेत्रका सूचनाका लागी विषयगत विशेषज्ञ तथा बिषयगत क्षेत्रहरुकै क्षमतामा भर पर्नु परेकोले कतिपय बिषयगत क्षेत्रहरुबाट प्राप्त सूचना अझै पर्याप्त र क्षेत्रगतरुपमा खण्डीकृत एवं अद्यावधिक गर्नुपर्ने महशुस भएको छ ।

ख) नगरपालिका तथा नगरभित्र रहेका संस्थाहरुमा प्रयाप्त सूचनाको कमी, जिल्लामा विषयगत कार्यालयहरुमा तथ्याङ्क सूचनालाई व्यवस्थित गरी राख्ने परिपाटी एवं क्षमतामा कमीका कारणबाट पर्याप्त, गुणस्तरीय र वहुबर्षीय सूचनाहरु प्राप्त गर्न नसकिएको ।

ग) पि. आर. ए. विधिहरुको प्रयोग गरिएको कारण संख्यात्मक विवरणहरु लिन कठिनाई भएको ।

घ) समुदायमा जानिफकारहरु प्रतिनिधिमुलक हुने भएको कारण सूचना तथा जानकारीमा सिमितता रहेको ।

## नगरपालिकाको संक्षिप्त परिचय

*भौगोलिक स्थिति*

| | |
|---|---|
| पुर्व | : धनुषा जिल्ला |
| पश्चिम | : रामगोपालपुर र बलवा नगरपालिका |
| उत्तर | : भंगहा नगरपालिका |
| दक्षिण | : पिपरा र महोत्तरी गाउपालिका |
| आक्षांश | : २६° ८०′ उत्तर |
| देशान्तर | : ८५° ८५′ पूर्व |
| क्षेत्रफल | : ५०.०६ वर्ग कि.मि. |
| अधिकत्तम तापक्रम | : ४२ -४५ डिग्री |
| न्युनत्तम तापक्रम | : ५ डिग्री |
| औसत वर्षा | : १८२० देखि २२०० मिलिलिटर |
| केन्द्र | : लोहारपट्टी बजारमा |
| वडा संख्या | : ९ |

*राजनैतिक तथा प्रशासनिक विभाजन*

| | |
|---|---|
| विकास क्षेत्र | : मध्यमाञ्चल |
| अंचल | : जनकपुर |
| नगरपालिका | : लोहारपट्टी |
| सदरमुकाम | : जलेश्वर |
| निर्वाचन क्षेत्र नं. | : ४ |
| जनसंख्या | : महिला- २०९३४ |
| | पुरुष- १८९४९ |
| | जम्मा- ३९८८३ |
| घरधुरी संख्या | : ७३१७ |
| सरदर परिवार संख्या | : ५.४५ |
| लैगिंक अनुपाल | : ९०.५१ |
| जनस्ंख्या बृद्धि दर | : १.६१ |
| पांच वर्ष मुनिको बालवालिका | : ५२२२ जना |

किशोर किशोरी यूवा संख्या (१० देखि २४ वर्ष) : ११८८०जना

***शैक्षिक स्थिति :***

| | |
|---|---|
| आधारभुत तह | : १२ |
| उच्च / मा.वि. | : ५ |
| बालविकास केन्द्र | : ८ |
| मदरसा | : ९ |
| सामूदायिक अध्ययन केन्द्र | : १ |
| निजी विद्यालय | : ८ |

***साक्षरता***

| | |
|---|---|
| साक्षारता दर | : ४२ प्रतिशत |
| पूरुष | : ५२ प्रतिशत |
| महिला | : ३२ प्रतिशत |

***स्वास्थ्य :***

| | |
|---|---|
| कोरा मृत्यु दर (प्रति हजारमा) | : ६.२३ |
| शिशु (१ वर्ष मुनीका) मृत्यु दर (प्रति हजार जीवित जन्ममा) | : ६१.८३ |
| औषत आयु | : ६३.५ (पुरुष ६२.३, महिला ६४.७) |
| मातृमृत्यु दर (प्रति लाखमा राष्ट्रियस्तरको) | : ६६३ |

***खानेपानी तथा सरसफाई***

| | |
|---|---|
| खानेपानी सुविधा प्राप्त परिवार प्रतिशत | : ९४.५ |
| शौचालय प्रयोगकर्ता परिवार प्रतिशत | : ८४.८२ |

# खण्ड १ : भौगोलिक तथा भौतिक स्थिति चित्रण

**१.१ भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजन :**

नेपालको १४ अंचल ७७ जिल्ला र महोत्तरीको १० नगरपालिका र ५ नगरपालिका मध्ये लोहारपट्टी नगरपालिका जनकपुर अंचलको एक नगरपालिका हो । कुल ५०.०६ बर्ग कि. मी. क्षेत्रफलमा फैलिएको यो नगरपालिका साविकको ५ वटा गाउ विकासहरु क्रमशः लोहारपट्टी, बगडा, खुट्टापिपराढी, भ्रमरपुरा र महदैया तपनपुर मिलेर बनेका छन् । यस नगर कार्य पालिकाको कार्यालय लोहारपट्टी बजारमा रहेको छ । यो नगरपालिका सदरमुकाम जलेश्वरबाट १२ माईल पुर्व/दक्षिणमा रहेको छ ।

लोहारपट्टी नगरपालिका अक्षांस २६° ८०′ र देशान्तर ८५° ८५′ मा अवस्थित रहेको छ । यस नगरपालिकाको पूर्बमा धनुषा जिल्ला, पश्चिममा रामगोपालपुर र बलवा नगरपालिका, उत्तरमा भंगहा नगरपालिका तथा दक्षिणमा पिपरा र महोत्तरी गाउपालिका पर्दछ ।

*१.२ <u>राजनीतिक तथा प्रशासनिक विभाजन :</u>*

महोत्तरी जिल्लाका लोहारपट्टी नगरपालिका नेपालको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलमा अवस्थित छ । १० नगरपालिका र ५ नगरपालिका रहेको यस लोहारपट्टी नगरपालिकाको सदरमुकाम जलेश्वर रहेको छ । यस नगरपालिकामा ९ वटा वडा तथा जिल्लामा ४ वटा संसदीय निर्वाचन क्षेत्र रहेका छन् ।

## अध्ययनको सारांस

लोहारपट्टी नगरपालिकामा कुल ७३१७ घरधुरी छन् । जातजाती जनसंख्याको आधारमा पहिलोमा यादव १०३०१, दोश्रोमा मुस्लिम ८०४८ र त्यसैगरी तेली २०५६, मण्डल (धानुक) १९९७, चमार १७२६, कोईरी ४२८, कुर्मी ३३१, मुसहर १८२५, सोनार ३६८, ब्राह्मण १९११, कलवार २६५, कानु २७६, खत्वे ८५२, धोवी ३३६, बडई ६९५, तत्मा ३४८, मलाह १४७८, कायस्थ १३, लोहार २९३, हलुवाई २६४, बिन ३८, पासवान ९६२, सुडि ५२६, नुनिया ४७३, कुम्हार ४८३, मालि ८१, डोम ११६, भेरिहर ३२, धुनिया ६९९, राजपुत ४२, कथबनिया १५७, मारवाडी २२, सरदार ४०, केवट ४२९, अमात ११८ र अन्य २६८ जनसंख्या गरी जम्मा जनसंख्या ३९८८३ रहेका छन् । भने अल्पसंख्यकको रुपमा डोम, चमार, धोवी, हजाम, सोनार, धुनिया, भेरिहर, माली, पासवान, हलुवाई

र मालिहहरु रहेका छन् । जातियताको दृष्टिकोणबाट हेर्दा यस नगरपालिकामा यादव जातीको बाहुल्यता छ त्यसपछि दोश्रोमा मुस्लिम तथा तेश्रोमा तेली रहेका छन् ।

पिउने पानीको लागि सार्बजनिक र नीजि ट्यूवेल, आर्टिजन बोडिङ्गप्रयोग गरीरहेका छन् । यहाँका जनतामा खास गरेर कृषि, उद्योग, व्यापार, डेरी, कुटानी पिसानी मिल, बस्तुभाउ पालन, सिलाई बुनाई, सानो ब्यपारको सिप रहेको छ । यस नगरपालिकामा रोजगारहरु मध्ये २३७६ बैदेशिक रोजगार, ९१२ जना सरकारी नोकरी, ३०१ जना गैर सरकारी संस्थामा जागिरे छन् भने ४२५ जना निजि क्षेत्रमा र २०३१ जना स्वरोजगारीमा लागेको पाईन्छ ।

२७४३ घरधुरीहरु गरीव र अति गरीव मा पर्दछन् जसमा बढीमात्रामा चमार, मुसहर, मण्डल, सोनार, कलवार, हजाम, बडई, लोहार, तत्मा, तेली, मुस्लिम, नुनीया, धुनिया, हजाम, खत्वे, धोबी, धुनीया डोमहरु पर्दछन् र उनिहरु ज्याला मजदुरी गर्दछन्, जसको घरघडेरी छैन, साहुमहाजन वा सार्बजनिक जग्गामा बसोबास गर्दछन् अनि उनिहरु शिक्षा र चेतनाबाट समेत टाढा छन् । सीप भएका हरु पनि पुँजिको अभावमा आफ्नो सीपको उचीत प्रयोगका लागि अवशर पाएका छैनन् । ४ वटा प्राथमिक/उपस्वास्थ्य चौकीले सेवा पुऱ्याउँदै आएको छ । यस नगरपालिकामा २ वटा उच्च मा.वि र आधारभुत विद्यालय १६ वटा रहेका छन ।

यस नगरपालिकाममा कार्यरत संघ संस्थाहरुमा लोहारपट्टी यूवा क्लव, एकता यूवा क्लव, रेखामाई एकता क्लव, वहुउदेश्य कृषक समुह, ब्रह्म सेवा सामुदायिक अध्ययन केन्द्र, स्वयंम साह एकता समाज, गायत्री लक्ष्मी महिला समुह, महिला आयआर्जन तथा बचत समुह, जनकल्याण मिश्रित कृषक समुह, जलसिंचाई उपभोक्ता समिति, बाढि नियन्त्रण उपभोक्ता समिति, ग्रामिण विकास बैंक, कृषी विकास बैंक, कृष्णा यूवा क्लव, साना किसान सहकारी संस्था, बचत तथा ऋण सहकारी संस्था, गेरुसका यूवा क्लव, श्रीमहारानी यूवा क्लव, साना कृषक कृषी सहकारी संस्था, अन्धा आन्धी कृषी सहकारी संस्था, गढीमाई यूवा क्लव, तराई अपांग संस्था पथरी कृषक सहकारी संस्था, सर्वोत्तम यूवा क्लव, नवजिवन समाज केन्द्र, भैंसी पालन सहकारी संस्था, आसमान नेपाल, लालगढ कुष्टरोग संस्था र रतौली यूवा क्लव, लुम्बनी विकास बैंक, निर्धन उत्थान बैंक लि., दिवय ज्योती कृषी सहकारी संस्था लि., एन.आई.सी.एशिया बैंक लि., मेरो बचत तथा ऋण सहकारी संस्था लि., ग्रामिण महिला जिविकोपार्जन संस्था र कृषी सहकारी संस्था लि.जस्ता संस्थाहरु कार्यरत रहेका छन् ।

शिक्षा, चेतनाको अभावले गर्दा परंपरागत रुढीबादी मुल्य मान्यता कायमै रहेको छ । त्यसैगरी गरीव, दलित, बिपन्न, मुस्लिम समुदायमा बाल बिबाह र अनमेल बिबाहको प्रचलन यद्यपि बिद्यमान छ । साथै छुवाछुत, तल्लो र माथिल्लो जातीको भावना र व्यबहार कायमै छ ।

कूल खेती योग्य जमिन ३९२६ हेक्टर रहेको भए पनि सिंचाइको अभावले गर्दा कृषी उत्पादनको लागि मूख्यतया मनसुनमा नै निर्भर रहनु पर्ने अवस्था छ । नगरपालिकामा रातो, अकुंशि र जंगहा नदीहरु छ । यस नगरपालिकाका अधिकांस जनता इन्धनको रुपमा घाँसपात, पराल ,दाउरा र गुइठा को प्रयोग गर्दछन् साथै केहि मात्रामा ग्याँसको पनि प्रयोग गर्दछन् । यस नगरपालिकामा सामुदायीक बनको व्यवस्था गर्नु पर्ने देखिन्छ । भौतिक सम्पत्तिमा विशेष गरेर विद्यालय भवन, स्वास्थ्य चौकी, हुलाक भवन, बिजुली सेवा र टेलिफोन पनि उपलब्ध छ ।

यस नगरपालिकामा आर्थिक गतिविधि सञ्चालन गर्ने विभिन्न निकायहरुमा बैंकहरु, बचत तथा ऋण समुहहरु, सहकारी संस्थाहरु क्रियाशिल रहेका छन् । आर्थिक बिकासका पूर्वाधारहरु हाट बजारको व्यबस्था भएपनि बिउबिजन शित गृह तथा दुग्ध चिश्यान केन्द्र, सिचाईकोलागि बोरिङ्ग र नहर लगायत अन्य कुनै पनि पुर्वाधारहरु उचित व्यवस्थापन हुन सकेको छैन । कुनै कल कारखाना, प्रशोधन र परामर्श सेवा केन्दहरु छैनन् । बिपन्न तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका वर्गहरुसग न त पूँजी नै छ न त आर्थिक सेवा प्रदान गर्ने निकायसम्म यिनीहरुको पहुँच नै छ ।

यस नगरपालिकामा सामाजिक सम्पत्तिमा जातिय हिसावले सवैको प्रतिनिधित्व भएको देखिए पनि महिलाहरुको भने सहभागिता न्युन देखिएको छ । शिक्षा, जनचेतना र समाजिक मूल्य मान्यताको कारण महिला पछाडि पारिएको छ ।

राजनैतिक सम्पत्ति यसमा सबै जातजातिको पुरुषहरूको पहुँच छ तर महिलाको पहुँच कम मात्रामा छ नियन्त्रणमा मण्डल, यादव, मुस्लिम, बलवार, कोईरी, तेली, बिन पुरुषहरूको बढी नियन्त्रण छ । जनजातिहरुमा पुरुषको नियन्त्रण छ भने जनजाति महिलाको नियन्त्रण छैन । दलितमा पुरुष महिलाको दुबैको नियन्त्रण छैन ।

बाह्य स्तर सम्म प्रभाव पार्न सक्ने दलहरुमा राजपा नेपाल, संघिय समाजवादी फोरम नेपाल, माओवादी, काँग्रेस र एमाले रहेका छन् । गाउँमा हुने विवाद झै झगडा मिलाउन यि दलहरुको सक्रियता रहने र सके सम्म सर्वदलिय सहमतिमा निर्णय गर्ने गरेका छन् । महिला, दलित र विपन्न माथि हुने भेदभाव र अन्यायमा राजनैतिक पार्टीहरुले आवाज उठाउने र वकालत गरिदिने गरेका छन् ।

संविधान पछिको पहिलो स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधीहरुको उपस्थिती स्थानीय सरकारको रुपमा भएकोले स्थानीय महिला, दलित, विपन्नहरुले गाउमा हुने विवादको झगडा मिलाउन नगरपालिकालाई आशाको केन्द्रको लिएको छ ।

*सुझाव :*

- दलित महिला तथा अल्पसंख्यक समुदायलाई शिक्षामा समान अवसरको वातावरण सिर्जना गर्नुपर्ने ।
- मा.वि. खुट्टा पिपराढी, रामदेव जनता मा.वि.भ्रमरपुरा मा.वि. पिपराढी, भेरुख, मा.वि. लोहारपट्टी, प्रा.वि. सादाटोल, जनता प्रा.वि. खुट्टा, माझि प्रा.वि. लेउरी, प्रा.वि. फुलवरिया, रामवती जगदेव ज.मा.वि. बगडा, आधारभुत विद्यालय सुखैनिया, आधारभुत विद्यालय मधेपुरा, जनता आधारभुत विद्यालय महदैया तपनपुर, जनता प्रा.वि. तपनपुर, अमर सहिद प्रा.वि. ठडौरा, जनता प्रा.वि. कविरगामा, जनता प्रा.वि. भ्रमरपुरा, आधारभुत विद्यालय भगवानपुर रहेका छन भने मदरसा ८ र निजी विद्यालय ५ रहेका छन् । यस विद्यालयहरुमा कम्प्यूटर, पुस्तकालय तथा भौतिक पक्षमा सुधार गर्नु पर्ने । जस्तै खेल मैदान, शौचालय, बेन्च र डेस्क, भवन आदि
- विद्यालय व्यवस्थापन समितिको निर्णायक तहमा महिला तथा दलित वर्गको सहभागिता वृद्धि
- सरल रूपमा स्वास्थ्य सेवाको उपलब्धता गराउनु पर्ने ।
- स्थानीय तहमा जीवीकोपार्जन सम्बन्धी तालिम हुनु पर्ने साथै  रोजगारीको अवसर सिर्जना गर्नु पर्ने ।
- स्वास्थ्य, सरसफाई सम्बन्धी चेतनाकरण कार्यक्रमहरूको संचालन र प्रवर्द्धन गर्नुपर्ने । विभिन्न सामाजिक संघसंस्थाहरूको कार्यक्रम तथा बजेट र कार्यक्रममा पारदर्शिता अपनाउनु पर्ने ।
- स्थानीय निकायको कार्यक्रम गरिब, दलित जनजाति तथा अल्पसंख्यक मुखी गराइनु पर्ने ।
- समुदायको प्राकृतिक स्रोत साधन र सम्पदाहरूको संरक्षण व्यवस्थापन र परिचालनमा गाउँपालिकाले नीति तय गर्नुपर्ने ।
- सिँचाई सुविधाका लागि वाद्य, तटबन्धन, पम्प सेटमा अनुदानको प्रबन्ध हुनपर्ने ।

- राजनैतिक पार्टी, कार्यकर्ताहरूलाई आ-आफ्ना पार्टीमा सामाजिक समावेशी प्रक्रियासँग सम्बन्धित पक्षमा सचेतना कार्यक्रम संचालन गर्नुपर्ने ।
- नदी नियन्त्रण गर्नुपर्ने ।
- उन्नत कृषि प्रविधि तथा बिउबिजनमा सहयोग पुऱ्याउनु पर्ने ।
- नगरपालिकामा न्यूनतम पूर्वाधारको विकास गर्नुपर्ने ।
- दुग्ध उत्पादन केन्द्रको स्थापना तर्फ जोड दिनुपर्दछ ।
- बजार व्यवस्थापनमा ध्यान दिनु अति जरुरी छ ।
- समुदायमा परिआउने भवितव्य व्यवस्थापनसम्बन्धी पूर्व जानकारी र व्यवस्थापकीय सीपको विकास गरिनुपर्दछ ।
- प्रचलित नकारात्मक सामाजिक मूल्य मान्यता विरुद्ध आवाज उठाउने अधिकारको प्रत्याभूमि गराउने तथा सशक्तिकरणका कार्यक्रम संचालन गर्ने निकायको संजाल निर्माणमा सहयोगी भूमिका निर्वाह गर्ने कार्यक्रम संचालन गरिनुपर्ने ।

### १.३ भू-उपयोग (माटो सम्बन्धी विवरण) :

यो क्षेत्र समान्यतः बाढी तथा सुख्खाको उच्च जोखिमको क्षेत्र हो । यस क्षेत्रमा भूमिगत जलाधार तुलनात्मक रुपमा अरु क्षेत्र भन्दा निकै गहिरो (तल भएकोले) यहां सिंचाईको कमी रहेको र क्षेत्रको माटो दोमट तथा बलौटे दोमट तथा अरु सामान्य भएपनि माटोमा पोषक तत्वको उपस्थिती अन्य क्षेत्रभन्दा कम छ । यस क्षेत्रमा राम्रो वाली लिन मलको प्रयोग भएको देखिन्छ ।

### १.४ भू-क्षय संभावित क्षेत्र

भौगोलिक रुपमा यो नगरपालिकाको भू-भाग समतल (तराई) समेटेको छ । यो नगरपालिका समतल भू-भाग अति उव्जाउ क्षेत्र छ । वर्षेनी बर्षायाममा बाढी जानु यस क्षेत्रको नियतिनै छ यसले गर्दा यस नगरपालिकाको प्रायः जसो भू-भागहरु जलमग्न भएर ठूलो दुखको कारण बन्ने गरेको छ ।

### १.५ जलवायु / हावापानी

यो नगरपालिका मनसुनी हावाद्धारा प्रभावित क्षेत्र भएका कारण यहाँ उष्ण जलवायु पाइन्छ । यहाँको अधिकत्तम तापक्रम गर्मीयाममा ४२ देखि ४५ डिग्री सेल्सियस भन्दा पनि बढी हुने गर्दछ । जसका कारण कहिलेकाँही तातोहावा लू पनि चने गर्दछ । यस्तै जाडो याममा सबैभन्दा कम अथवा ५ डिग्रीसम्म पुग्दछ जसले गर्दा जाडो मौसममा शितलहर पनि चल्ने गर्दछ । यस नगरपालिकामा

वार्षिक १८४० देखि २२०० मिलिलिटरसम्म वर्षा हुने गर्दछ । वर्षायाममा ८० प्रतिशतसम्म वर्षा हुने गरेको छ भने जाडो याममा कम वर्षा हुने गर्दछ ।

**१.६ जलसम्पदा (प्रमुख नदीनालाहरु) :**

यो नगरपालिकामा मुख्य नदीको रुपमा विग्ही, गेरुका, पथरा, जिवछी, थलही र रातो नदीहरु रहेका छन । अधिकांश नदीमा हिउँदमा पानीको वहाव नहुने भए पनि वर्षातको समयमा पानीको मात्रा निकै बढी हुने र नगर, वस्ती तथा भौतिक संरचनाहरु डुवानमा पर्ने तथा क्षतिग्रस्त हुने गरेको छ ।

*१.७ प्रमुख पोखरी तथा तलाउहरु*

लोहारपट्टी नगरपालिकामा निजी तथा सार्वजनिक पोखरीहरुको उल्लेख्य संख्या भएको नगरपालिका हो । यहाँ भएका पोखरीहरुमा अधिकांश नीजि प्रयासमा निर्मित एवं संचालित छन् । केही मात्र सार्वजनिक वा सरकारी प्रकृतिका छन् । ती मध्ये अधिकांश पोखरीमा माछा राखिएका र व्यवसाय गरिएका छन् । नयाँ र पुराना गरी जम्मा ९२ पोखरीहरु यस नगरपालिका भित्र रहेका छन । सो मध्ये सार्वजनीक १२ र नीजि ८० पोखरीहरु रहेका छन् ।

**१.८ नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि**

यस नगरपालिकाको नामाकरणबारेको सन्दर्भमा नेपाल सरकारको निर्णय अनुसार साविकका ५ वटा गा.वि.स.हरु क्रमशः लोहारपट्टी, खुट्टापिपराढ, बगडा, भ्रमरपुरा र महदैया तपनपुर मिलाएर लोहारपट्टी नगरपालिका नामाकरण गरिएको छ ।

**१.९ नगरपालिकाका अन्य प्रमुख विशेषताहरु**

यसरी नगरपालिकामा प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक आदि विभिन्न किसिमका स्रोत, साधन, सम्पदा, परम्परा आदि जस्ता विशेषताहरु रहेका छन् । जसलाई नगरपालिकाले गौरव गर्न लायक कुराहरुमा मान्ने गरेको छ । त्यस्ता थप पक्षहरु निम्नानुसार रहेका छन्ः

*१.१० धार्मिक स्थलहरु :*

यस नगरपालिकामा धार्मिक स्थलहरु धार्मिक हिसावले निकै आस्थाका केन्द्रका रुपमा रहेका छन् । गेरुका धाम, आन्धा आन्धी स्थान, गढीमाई स्थान, रामजानकी मन्दिर, श्रवण दह, गेरुका कुट्टी रातो कुट्टी, रेखा महारानी, महादेव मन्दिर, मस्जिद, ब्रम्हस्थान, पन्यार बाबो थान, मुजुगी बाबा थान रहेका छन् । भने पर्यटकीय हिसावले गेरुका धाम, आन्धा आन्धी स्थान र श्रवण दह रहेका छन् । यस नगरपालिकामा रहेको गेरुका धामको पौराणीक हिसावले धेरै नै महत्व छ । गेरुका धाम पत्येक मलेमासमा एक महिनासम्म लाग्ने गर्दछ । यो कहिले श्रावण त कहिले जेष्ठमा लाग्ने गर्दछन् ।

यसमा मकर मेला आईतवार र मंगलवार लाग्ने गर्दछ । गेरुका, विग्हीको संगम मुल धारमा धर्मावलम्वीहरु नुहाई गेरुका मन्दिरमा पूजा पाठ गर्ने चलन छ । त्यस्तै धर्मको आस्था अनुसार पाठीको कान चढाउने प्रचलन रहेको छ । यस गेरुका धाममा महोत्तरी, धनुषा, सप्तरी, पर्सा, तथा भारत समेतका श्रद्धालुहरु घुईचो लाग्ने गर्दछन् । यहां खानेपानीको कम सुविधा छ भने विद्युत नगन्य मात्रामा रहेको छ । धर्मशालाको दुईकोठे भवन छ, त्यसमा श्रद्धालुहरुलाई बस्न धेरै नै गाह्रो हुन्छ । त्यस्तै शौचालयको व्यवस्था छैन ।

## १.११ *प्रमुख चाडपर्व*

चाडपर्व तथा मेलाले धार्मिक साास्कृतिक तथा सामुदायिक परम्पराको संरक्षणबाट खुशियाली साटासाट तथा मनोरञ्जनका लागि यस नगरपालिकाले महत्वपूर्ण स्थान ओगटेको छ । यस नगरपालिकाका हिन्दु समुदायमा मनाईने चाडपर्वहरु रक्षाबन्धन, तीज, ऋषिपञ्चमी, कृष्णाष्टमी, विश्वकर्मा पूजा, जितिया, दशै, दुर्गापूजा, दिपावली, छठ, विवाह पञ्चमी, माघे साक्रान्ती, शिवरात्री, होली, रामनवमी, जुडशितल तथा सतुआईन आदी हुन् । यी मध्ये पनि दिपावली, छठ र होली बिशेष आकर्षण तथा उत्साहका साथ मनाईन्छ भने कृष्णाष्टमी, दुर्गापूजा, शिवरात्रीमा धार्मिक मेलासमेत लाग्ने गर्दछ । यसैगरी मुस्लिम समुदायमा मनाईने चाडपर्वहरु रमजान, ईद-उल-फितर, बकरिद, मोहरम ताजया आदी हुन् । यसबाहेक आ-आफ्नो जातीय धार्मिक तथा साास्कृतिक परम्पराअनुसार अन्य चाडपर्व पनि उत्साहकासाथ मनाईने गरिन्छ । यी चाडपर्वहरुले सामाजिक सद्भाव कायम राख्न सहयोग हुने गरेको छ ।

# खण्ड २ : जनसंख्या विवरण

## २.१ जनसंख्याको आकार

यस नगरपालिकाको कुल घरधुरी संख्या ७३१७ रहेको छ । कुल जनसंख्याको १८९४९ (लगभग ४७.५ प्रतिशत) पुरुष तथा २०९३४ (लगभग ५२.५ प्रतिशत) महिला रहेका छन् ।

| हालको वडा नं. | समावेश भएका साविक गा.वि.स. हरु | साविक वडा नं. | जम्मा जनसंख्या | पुरुष | महिला | लैगिंक अनुपात | घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | बगडा | १,२,३,४,५ | ३६८४ | १८७७ | १८०७ | १०९.९ | ६६० |
| २ | बगडा | ६,७,८,९ | २७३५ | १३६२ | १३७३ | ९९.२ | ५०६ |
| ३ | महदैया तपनपुर | १,२,३,४,५, ६,७,८,९ | ५६०१ | २६५३ | २९४८ | ९० | १०८९ |
| ४ | खुट्टा पिपराढी | १,२,३, ४,५,६,७ | ७७६६ | ३७०० | ४०६६ | ९१ | १३८३ |
| ५ | लोहारपट्टी | १,२,७,८,९ | ४४०९ | २०३७ | २३७२ | ८५.९ | ८१० |
| ६ | लोहारपट्टी | ३,४,५,६, | ३८३७ | १८२३ | २०१४ | ९०.५ | ७२७ |
| ७ | भ्रमरपुरा | १,२,३,४,५ | ४९३६ | २२१० | २७२६ | ८१.१ | ९७१ |
| ८ | भ्रमरपुरा | ६,७,८,९ | ४५२२ | २१५३ | २३६९ | ९०.९ | ७६३ |
| ९ | खुट्टा पिपराढी | ८,९ | २३९३ | ११३४ | १२५९ | ९०.१ | ४०८ |
| **जम्मा** | | | ३९८८३ | १८९४९ | २०९३४ | ९०.५१ | ७३१७ |

**वडा अनुसारको जनसंख्या**



### नगरपालिकामा महिला पुरुषको अवस्था




## २.२ उमेर समूह तथा लिंग अनुसार जनसंख्या

| सि.नं. | उमेर समुह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | ००-०४ | ५२२२ | २५७३ | २६४९ |
| २ | ०५-०९ | ५६८२ | २८६९ | २८१३ |
| ३ | १०-१४ | ५४५७ | २८४५ | २६१२ |
| ४ | १५-१९ | ३५२५ | १९०६ | १६१९ |
| ५ | २०-२४ | २८९८ | १२०८ | १६९० |
| ६ | २५-२९ | २५४९ | ९६७ | १५८२ |
| ७ | ३०-३४ | २३२० | ८०० | १५२० |
| ८ | ३५-३९ | २१८२ | ८६१ | १३२१ |
| ९ | ४०-४४ | २०४४ | ८७३ | ११७१ |
| १० | ४५-४९ | १७५३ | ८३१ | ९९२ |
| ११ | ५०-५४ | १४३९ | ७०० | ७३९ |
| १२ | ५५-५९ | १३६० | ६९५ | ६६५ |
| १३ | ६०-६४ | १२६३ | ६२७ | ६३६ |
| १४ | ६५-६९ | १०२७ | ५६१ | ४६६ |
| १५ | ७०-७४ | ६२७ | ३४९ | २७८ |
| १६ | ७५+ | ५३५ | २३५ | ३०० |

### उमेर समूह तथा लिंग अनुसार जनसंख्या




उमेर समूहगत रुपमा हेर्दा नगरपालिकामा सवैभन्दा बढी जनसंख्या ५ देखि ९ वर्ष उमेर समूहका ५६८२ तथा सवैभन्दा कम ७५ भन्दा बढी उमेरसमूहका ५३५ रहेका छन् । त्यसबाहेक १० देखि १४ वर्षको उमेर समुहका जनसंख्या पनि उल्लेख्य देखिन्छ । १५ देखि ५९ वर्षको उमेर समुहको जनसंख्यालाई उन्पादनशिल जनसंख्या मान्ने गरिन्छ ।

### *२.३ जातजातिगत आधारमा नगरपालिकाको जनसंख्या*

यस नगरपालिकामा जम्मा ३८ जातजाती तथा २ भाषाभाषी रहेका छन् । जातजातिगत आधारमा लोहारपट्टी नगरपालिकामा यादव, मुस्लिम, तेली, भुमिहार, सुडि, लोहार, मण्डल, मलाह, पासवान, खत्वे, बिन, खत्वे, कलवार, मुसहर, चमार र तेली समुदायको उच्च उपस्थिति रहेको छ । दलित समुदायको पनि उल्लेख्य बसोवास रहेको छ ।

| सि.नं. | जातजाती | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | मुस्लिम | ८०४८ | ३६४५ | ४४०३ |
| २ | यादव | १०३०१ | ५०५८ | ५२४३ |
| ३ | तेली | २०५६ | ५८३ | ५७३ |
| ४ | चमार | १७२६ | ८१८ | ९०८ |
| ५ | कुर्मी | ३३१ | १४७ | १८४ |
| ६ | धानुक | १९९७ | ९५३ | १०४४ |
| ७ | मुसहर | १८२५ | ९३२ | ८९३ |

| | | | | |
|---|---|---|---|---|
| ८ | पासवान | ९६२ | ४६७ | ४९५ |
| ९ | सोनार | ३६८ | १८२ | १८६ |
| १० | भेरिहर | ३२ | १३ | १९ |
| ११ | ब्राम्हण | २१८० | १०२० | ११६० |
| १२ | कलवार | २६५ | १३४ | १३१ |
| १३ | हजाम | ५०८ | २५९ | २४९ |
| १४ | कानु | २७६ | १२४ | १५२ |
| १५ | लोहार | २९३ | १५१ | १४२ |
| १६ | तत्मा | ३४८ | १६५ | १८३ |
| १७ | खत्वे | ८५२ | ३७० | ४८२ |
| १८ | धोवी | ३३६ | १६३ | १७२ |
| १९ | नुनीया | ४७३ | २०५ | २६८ |
| २० | कुमहार | ४८३ | २३० | २५३ |
| २१ | हलुवाई | २६४ | १२४ | १४० |
| २२ | राजपुत | ४२ | २१ | २१ |
| २३ | कायस्त | १३ | ६ | ७ |
| २४ | वडई | ६९५ | ३३९ | ३५६ |
| २५ | विन | ३८ | १४ | २४ |
| २६ | माली | ८१ | ४० | ४१ |
| २७ | कोईरी | ४२८ | २०९ | २१९ |
| २८ | सुडी | ५०८ | २५९ | २४९ |
| २९ | डोम | ११६ | ५९ | ५७ |
| ३० | मलाह | १४७८ | ७१० | ७६८ |
| ३१ | धुनीया | ६९९ | ३१९ | ३८० |
| ३२ | कामी | १२ | ४ | ८ |
| ३३ | कथबनिया | १५७ | ८० | ७७ |
| ३४ | केवट | ४२९ | २०१ | २२८ |
| ३५ | राजपुत | ४२ | २१ | २१ |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सरदार | ४० | १७ | २३ |
| ३७ | अमात | ११८ | ५० | ६८ |
| ३८ | अन्य | २६८ | १०७ | १६१ |

यो नगरपालिकामा मण्डल, यादव, मुस्लिम, भुमिहार, तेली, कोईरी, कुर्मी, खत्वे, विन जातिहरुको बाहुल्यता छ, भने यस नगरपालिकामा चमार, मुसहर, सोनार, ब्राह्मण, कलवार, हजाम, कानु, लोहार, तत्मा, खत्वे, धोवी, नुनीया, कुम्हार, हलुवाई, नेवार, कायस्त, बडही, बिन, मालि, थारु, कथबनीया, डोम, मलाह, बैठा, भेरिहर र धुनिया जातीहरुको बसोवास रहेको पाइन्छ ।

### *२.४ धर्म अनुसार नगरपालिकाको जनसंख्या*

| धर्म वा सम्प्रदाय | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| हिन्दु | १५३०४ | १६५३१ | ३१८३५ | ७९.८ |
| इस्लाम | ३६४५ | ४४०३ | ८०४८ | २०.२ |
| जम्मा | १८९४९ | २०९३४ | ३९८८३ | १०० |




यस नगरपालिकामा रहेको जनसंख्याको धर्मप्रतिको आस्थामा अधिकत्तर रुपमा हिन्दु धर्म रहेको छ । झण्डै ७९.८ प्रतिशत जनसंख्याले हिन्दु धर्म अंगालेका छन । त्यसपछिको जनसंख्या भनेको इस्लाम वा मुसलमानहरुको २०.२ प्रतिशत रहेको छ ।

### *२.५ मातृभाषाका आधारमा नगरपालिकाको जनसंख्याको विवरण:*

यस नगरपालिकामा ३७ जातिका मानिसहरुको बसोवास रहेको छ । यी जातिहरु मध्ये धेरैले मैथिली भाषा बोल्दछन भने दोस्रोमा उर्दु भाषा बोल्ने गरेका छन । त्यसबाहेक नेपाली भाषा पनि बोल्दछन । मैथिली भाषा बोल्नेहरुको संख्या ९२.४ प्रतिशत भन्दा बढी देखिन्छ ।

| मातृभाषा | जनसंख्या |
|---|---|
| मैथिली | ३१८३५ |
| उर्दु | ८०४८ |




२.६ ***घरको बाहिरी गाह्रोको आधारमा परिवार संख्या :***

| सि.नं. | घरको बाहिरी ग्राहो | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ढुंगा वा ईट, माटोको जोडाई | १२२ | १.७ |
| २ | ढुंगा वा ईट सिमेन्टको जोडाई | २०३४ | २७.८ |
| ३ | काठको फल्याक | २७४ | ३.८ |
| ४ | बांस | ४५५७ | ६२.२ |
| ५ | अन्य | ३२८ | ४.५ |
| | जम्मा : | ७३१७ | १०० |



## २.७ *भवन तथा आवास घरको जगको आधारमा :*

| सि.नं. | घरको जग | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ढुंगा वा ईट, माटोको जोडाई | १७४ | २.३ |
| २ | ढुंगा वा ईट सिमेन्टको जोडाई | १८८३ | २५.८ |
| ३ | पिलर आरसिसि | १६८ | २.२ |
| ४ | काठको खम्वा | ५००७ | ६८.४ |
| ५ | अन्य | ८५ | १.३ |
| | जम्मा : | ७३१७ | १०० |




## २.८ *घरको छानाको आधारमा :*

| सि.नं. | घरको छाना | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खर वा पराल | १२४० | १७ |
| २ | जस्ता पात | ९४ | १.२ |
| ३ | टाईल वा स्लेट | ४५३८ | ६२ |
| ४ | ढलान | १३०२ | १७.८ |
| ५ | काठ | ८४ | १.२ |
| ६ | अन्य | ५९ | ०.८ |
| | जम्मा | ७३१७ | १०० |




## २.९ नगरपालिकामा विद्युत तथा नवीकरणीय ऊर्जा विकास स्थिति इन्धनका आधारमा खाना पकाउन प्रयोग हुने घरधुरीको जनसंख्या

| सि.नं. | खाना पकाउन प्रयोग हुने ईन्धन | घरधुरी संख्या |
|---|---|---|
| १ | दाउरा | ३२४४ |
| २ | मट्टीतेल | ८४ |
| ३ | एलपी ग्यास | ९९ |
| ४ | गोईठा | ३७७४ |
| ५ | वायो ग्यास | १६ |
| ६ | अन्य | १०० |



लोहारपट्टी नगरपालिकामा पर्ने अधिकांश वडाहरुमा अहिले पनि दाउरा र गोइठाबाट नै खाना पकाउने गरिन्छ । केही ठाँउमा एलपी ग्याँसबाट पनि खाना पकाउने गरिन्छ । यहाँ वायोग्याँसको प्रयोग गर्न सके कृषि उत्पादन र वातावरण दुवैलाई सकारात्मक प्रभाव पर्ने सम्भावना रहेको भएता पनि कतिपय परिवारको आफ्नो जग्गा नभएको कारणले उपयुक्त नीति, कार्यक्रम र रणनीति अपनाउन आवश्यक देखिन्छ ।

२.१० *बत्ति बाल्ने श्रोतका आधारमा घरपरिवारको वर्गीकरण :*

| सि.नं. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्युत | ५५०४ | ७५.४२ |
| २ | मट्टितेल | १७६० | २४ |
| ३ | गोबर ग्यास | १३ | ०.१ |
| ४ | सौर्यउर्जा सोलार | ६ | ०.०८ |
| ५ | अन्य | ३४ | ०.४ |
| | जम्मा | ७३१७ | १०० |



यस नगरपालिकामा प्रायजसो सबै ठाँउमा विजुली पुगी सकेको छ । घरमा उज्यालो बनाउनको लागि बस्तीहरुमा पनि विजुली बाल्ने गरेका छन् । यसको खपत प्रतिशत ७५.४२ भन्दा बढी रहेको देखिन्छ भने मट्टीतेल दोस्रोमा, वायोग्याँस र सौर्य ऊर्जा पनि उज्यालोको लागि प्रयोग हुने गरेको छ ।

## २.११ जनघनत्व

नेपालको जनघनत्व (प्रति वर्ग किलोमिटर क्षेत्रफलमा रहेको जनसङ्ख्या) १८० जना प्रतिवर्ग किलोमिटर रहेकोमा लोहारपट्टी नगरपालिकाको जनघनत्व ७९६.७ जना प्रति वर्ग किमि रहेको छ । ७३१७ घरधुरीमा ३९८८३ जनसंख्या रहेको छ ।

| कुल घरधुरी संख्या | क्षेत्रफल | जनसंख्या | | | लैंगिक अनुपात | औषत परिवारको आकार | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| | | कुल | पुरुष | महिला | | | |
| ७३१७ | ५०.०६ वर्ग कि.मि | ३९८८३ | १८९४९ | २०९३४ | ९०.५१ | ५.४५ | ७९६.७ |



# खण्ड ३ : शहरीकरण तथा बस्ती विकासको स्वरुप

हालै थप गाउँ विकास समितिहरुलाई पनि नगरपालिकामा समावेश गरिएको हुनाले नगरोन्मुख वस्तीहरु पनि शहरीकरणका लागि आधारहरु तयार भएको हुनाले आगामी दिनमा शहरी जनसंख्यामा वृद्धि हुने देखिन्छ ।

| सि.न. | जनसंख्या बिवरण | नगरपालिकाको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | कुल जनसंख्या | ३९८८३ | |
| २ | ग्रामीण जनसंख्या | ३९८८३ | |
| ३ | शहरी जनसंख्या | ० | |
| ४ | जनघनत्व (प्रति बर्ग कि.मी.) | ६२६ | |
| ५ | जम्मा घरधूरी | ७३१७ | |
| ६ | पारिवारिक आकार | ५.४५ | |
| ७ | लैगिक अनुपात | ९०.५१ | |

## ३.१ शहरीकरण

लोहारपट्टी नगरपालिकाका अधिकांश ठाँउलाई सडक यातायातले जोडेपछि तीव्र गतिमा शहरीकरण हुने प्रयासमा परिणत भइरहेको छ । सडक किनारका भागहरुमा बजारहरुको विकास तथा विस्तार भइरहेका छन् । सोही अनुसार लोहारपट्टी नगरपालिकाको स्थानीय बजार केन्द्रहरुको विकासले नजिकका गाउँवस्तिहरुमा दैनिक आवश्यकताका वस्तुहरुको आपूर्तिका साथै स्थानीय रुपमा उत्पादन हुने साग, सब्जी, अन्न, फलफूल, माछा मासु जस्ता सामाग्रीको बेचविखन बढ्दै गएको छ । त्यस्तै शहरीकरणको रुपमा यस नगरपालिकामा विभिन्न बैंकिंङ्ग निकायहरु बचत ऋण सहकारी, पोल्ट्री फाराम, डेरीका साथै बजारमा पाईने कस्मेटिकका सामानहरु, स्टेशनरी, स:मिल, निजी विद्यालयहरु, होटलका साथै अन्य सुविधाहरु पाउने भएकोले शहरीकरणको रुपमा विकसित हुने देखिन्छ ।

## ३.२ *बस्ति विकासको स्वरुप*

यस नगरपालिकाको अधिकांश समथर भुमी भएकाले वसोवासको स्थिति हेर्दा अधिकांश वस्तीहरु गुजमुज्ज अवस्थामा रहेको पाइन्छ । यहाँका अधिकांश वस्तीहरु वडाकै रुपमा रहेको देखिन्छ अथवा वस्ती अनुसार वडा छुट्टिने गर्दछ । तथापि, एकै वडामा पनि फरक जातिगत आधारमा फरक वस्तीहरु रहेको अवस्था छ । बस्ती विकासलाई निर्देशित गर्ने किसिमका कुनै कार्यक्रमहरु पनि छैनन् । लोहारपट्टी नगरपालिकामा नक्सा विना नै भवन निर्माण भइरहेका छन र यो गति बढ्दो देखिन्छ । हाल नगरपालिकाको परिषदबाट निर्णय भए अनुसार अनिवार्य रुपमा घर बनाउन नक्सा स्वीकृत गराउनुपर्ने देखिन्छ ।

## ३.३ *शहरी तथा ग्रामीण क्षेत्रमा आवास स्थिति*

हालका दिनहरुमा सडक किनार तथा बजारका कतिपय घरहरु आधुनिक किसिमबाट तयार गर्ने क्रम बढ्दो छ । यद्यपि भूकम्पप्रतिरोधी एवं भवन संहिता वमोजिमका आवासहरु नगन्य मात्रामा निर्माण हुने गरेका छन् । सडक र यातयाताका साधनहरुको पहुँचका कारण ग्रामीण क्षेत्रका घरहरुको निर्माण सामग्री आधुनिक स्वरुपमा निर्माण भएका छन् । पछिल्ला दिनहरुमा अधिकांश घरहरु जस्ता, टायल र सिमेन्ट जडित ढलानको बन्ने गरेका छन । यस नगरपालिकामा शहरी जनसंख्या ० र ग्रामीण जनसंख्या ३९८८३ बसोबास गरेको पाइन्छ ।

# खण्ड ४ : लोहारपट्टी नगरपालिकाको आर्थिक तथा रोजगारी स्थिति

## ४.१ लोहारपट्टी नगरपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप

यस महोत्तरी नगरपालिकाको बहुसंख्यक मानिसहरु ८२ प्रतिशत अझै पनि कृषि पेशामा नै निर्भर छन् । उनीहरुको पहुंच ऋण सुबिधा र बैकल्पीक श्रोत माथी सीमित छ । त्यसकारण उनीहरु साहू महाजनबाट बढी ब्याजमा ऋण लिन बाध्य छन् । अचेल बैदेशिक रोजगारीमा युवाहरुको चासो निकै बढेको छ । यो नगरपालिका गाउं नै गाउंले भरिएको र धेरैजसो जनताहरु परम्परागत कृषि प्रणालीमा नै आधारित रहेको हुनाले आर्थिक स्थिति निक्कै नै कमजोर रहेको पाईन्छ । यहां रोजगारीको अवसर पनि कम भएकोले गरीवहरु भारतको पंजाव, दिल्ली, मुम्वई जस्ता शहरहरुमा कामकाज गरी आयआर्जन एवं जिविकोपार्जनका लागि विदेशिन्छन् भने त्यस्तै हाल धेरै मानिसहरु मलेशिया, दुवई, अरव, कतारतिर पनि गएको पाइन्छ । वाहिर जाने मानिसहरुको सामाजिक तथा आर्थिक अवस्थामा सुधार पनि आएको पाईन्छ ।

## ४.२ रोजगारिको लागि अवसर

रोजगारीका लागि प्राय सवै जातका व्यक्ति खाडी मुलुकमा जान्छन् । भारतमा गरिब दलित जनजाति मात्र कमाउन जान्छन । नेपालको विभिन्न ठाउमा पहुँचबाला व्यक्ति सरकारी र गैरसरकारी क्षेत्रमा जागिर गर्न जान्छन् । गरिब दलित जानजाति दैनिक ज्यालादारी गर्न गाउँमा अथवा पल्लो गाउँमा जान्छन् ।

समुदायमा दलित तथा विपन्न वर्गका महिलाहरूमा शिक्षाको कमि छ तर केही शिक्षित भए पनि पहुँच नभएको कारणले गर्दा अवसरबाट बन्चित भएका छन् । जस्ले गर्दा उनीहरू कडा मेहनत गर्न बाध्य भएका छन् ।

स्थानिय स्तरमा सीपको कुरा गर्दा माथिको तालिका अनुसार केही आधुनिक सीप र प्रविधिको प्रयोग गर्न सक्ने दक्षता भएका व्यक्तिहरु भएको पाइन्छ । केही पेशा र व्यवसायमा भने परम्परागत सीप मात्र छ । जस्तै खेतीपाती गर्ने, खाना बनाउन गोवरको गुँइठा प्रयोग गर्ने, बाँस तथा माटोको भाँडा बनाउने सीप पनि छ । परम्परागत रुपमा उत्पादन हुने सामग्रीले निरन्तरता पाएको छ । पशुपालन तथा हाँस कुखुरा पाल्ने कामका पनि व्यवसायिक भन्दा घरायसी रुपमा मात्र गर्ने गरिएको छ । गाउँघरमा उत्पादित् दुधको मात्रा राम्रो भए पनि आधुनिक सीप र जानकारीको अभावमा जति उत्पादन गरेपनि खुद्रा रुपमा नै बेचिन्छ । कुनै चिस्यान केन्द्र नभएको कारणले गर्दा दूध उत्पादन गरेपनि त्यसबाट भने जति फाइदा लिन सकिएको छैन् । यदि धेरै गाउँको बिच पारेर

दुग्घ चिस्यान केन्द्र खोली त्यहाँ दूधको परिकारहरू बनाएर बेच्ने हो भने प्रशस्त आम्दानी हुने र समुदायका मानिसहरू पशुपालन तिर उत्साहित हुने सम्भावना छ ।

### ४.३ रोजगारीको अवसर विश्लेषण :

लोहारपट्टी नगरपालिकामा विभिन्न पेशा तथा रोजगारी भएका व्यक्तिहरु छन् । मुख्य गरेर वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य रहेको छ । यस बाहेक गाँउमा आफ्नो सीप तथा श्रमको प्रयोग गरि स्वरोजगार सिर्जना गर्ने परिवार संख्या पनि रहेको छ । सरकारी निकाय र अन्य नीजि तथा गैर सरकारी क्षेत्रमा काम गर्नेको संख्या पनि केही मात्रामा छ । लोहारपट्टी नगरपालिकामा रोजगारी भएका क्षेत्रगत रोजगारीको विवरण तलको चार्टमा प्रस्तुत गरिएको छ :

जम्मा रोजगारी मध्ये सरकारी रोजगारीमा १५ प्रतिशत, वैदेशिक रोजगारीमा ३६ प्रतिशत, गैर सरकारीमा ७ प्रतिशत, नीजि क्षेत्रमा १३ प्रतिशत र स्वरोजगारमा ४१ प्रतिशत छन् ।

### ४.४ सम्पन्नता स्तरिकरण

यस नगरपालिकाका समुदायसंग सामुहिक छलफल (Focus group Discussion) गर्दा उनीहरुको गरिबी अवस्था अनुसार अत्ति गरिबमा १२१३, गरिबमा १५३०, मध्यममा २७४९ र धनीमा १८२५ गरि ४ वर्गमा विभाजन देखाईएको छ । जुन सामुहिक छलफलको आधारमा सूचनामा आधारित रही यसलाई विश्लेषण गरी राखिएको छ । सूचक तलको तालिकामा दिईएको छ । यसमा नगरपालिकाको सवै परिवारलाई सम्पन्न, मध्यम, गरिब/अति गरिव भनेर तुलना गरी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.नं. | गरिबी अवस्था विश्लेषण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अत्ति गरिब | १२१३ | १६.६ |
| २ | गरिब | १५३० | २१ |
| ३ | मध्यम | २७४९ | ३७.४ |
| ४ | धनी | १८२५ | २५ |



*४.५ सम्पन्नता स्तरिकरणको समग्र अवस्था*

| क.स | वर्गिकरण | घरधुरी संख्या | सूचक/आधारहरू |
|---|---|---|---|
| १ | सम्पन्न | १८२५ | २ विग्घा जमिन भन्दा बढि भएको, सरकारी जागिर भएको,जनकपुरमा घर भएको ,पैसा लगानी-बुझानी गर्ने भएको, १२ महिना खाना पुग्ने र केही बेच्न सक्ने, समाजमा सबैले समान्न गर्ने, समाजिक हैसियत उच्च भएको, नोकरीबाट आम्दानी गर्दै आएको, निर्णय प्रकृयामा वोलवाला भएको । |
| २ | मध्यम | २७४९ | साधारण लेखपढ गरेको, रुपैया लगानी भएको, २० कट्ठा जमिन भएको विदेश गएको, सरकारी नोकरी भएको,व्यपार र अलिकति खेत भएको,कलार सिप भएको, ९ महिना खाना पुग्ने, एक जोडा गोरु र भैसी सम्म भएको,निर्णय प्रकियामा सहभागि भएको |
लोहारपट्टी नगरपालिकाको साक्षरता दर: ४२ त्यस मध्ये पुरुषको साक्षरता दर ५२ र महिलाको ३२ छ ।

| सि.नं. | विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | जनसंख्या ५ वर्ष वा सो भन्दा माथी | ३४६६१ | १६३७६ | १८२८५ |
| २ | पढन लेख्न सक्ने | १४७९४ | ९१६६ | ५६२८ |
| ३ | पढन मात्र सक्ने | ७७० | ३७० | ४०० |
| ४ | पढन लेख्न दुबै नसक्ने | १९०९७ | ७३९० | ११७०७ |
| ५ | साक्षरता ५ वर्ष वा सो भन्दा माथी | ४२ | ५२ | ३२ |



## ६.५ *दलित विद्यार्थीहरुको नगरपालिका स्तरीय विवरण :*

| सि.नं. | कुल विद्यार्थी संख्या | | | दलित विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ३२४४ | ३९६४ | ७२०८ | ११८२ | १३८२ | २५६४ |




## ६.६ *स्कुल बाहिर रहेको जनसंख्या*

| सि.नं. | उमेर समुह | जनसंख्या |
|---|---|---|
| १ | ५-९ | २४८७ |
| २ | १०-१२ | १२८१ |
| ३ | १३-१४ | ४८३ |
| ४ | १५-१६ | ८३२ |
| | जम्मा : | ५०८३ |



## ६.७ *शैक्षिक उत्तिर्ण गरेका जनसंख्या :*

| सि.नं. | तह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | प्रारम्भिक | ३०७ | १६६ | १४१ |
| २ | प्राथमिक | ६८८९ | ३८१९ | ३०७० |
| ३ | निम्न मा.वि. | २८०८ | १६४८ | ११६० |
| ४ | मा.वि. | १४४२ | ९७७ | ४६५ |
| ५ | एस.एल.सी. वा सो सरह | १२९२ | ९०३ | ३८९ |
| ६ | प्रमाण तह वा सो सरह | ६०३ | ४६१ | १४२ |
| ७ | स्नातक वा सो सरह | १४५ | १२९ | १६ |
| ८ | स्नातकोतर वा सो सरह | २६ | २२ | ४ |




नगरपालिका भित्रका विभिन्न वडाहरुमा शिक्षाको पुर्ण पहुच भईसेको भएपनि ठुलो संख्या अझै पनि स्कुलबाहिर रहेको छ। त्यो संख्याामा महिलाहरु बढी रहेका छन।

## ६.७ *शिक्षा श्रोत केन्द्र :*

लोहारपट्टी नगरपालिकामा हस्तानान्तरण हुनु भन्दा पहिला हरिणमरी शिक्षा श्रोतकेन्द्रले बगडा, खुट्टा पिपराढी, लोहारपट्टी र महदैया तपनपुर साथै पिपरा शिक्षा केन्द्रले भ्रमरपुरा हेर्दै आएकोमा नेपाल सरकारको निर्णय अनुसार सो श्रोत केन्द्र नगरपालिकामा हस्तानान्तरण भएको देखिन्छ । यस नगरपालिका अन्तर्गत प्रा.बालविकास केन्द्र संचालन हुन नसकेका सामुदायिक विद्यालयहरु यस प्रकार रहेका छन् ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | जनजागृती प्रा.वि. विनमाटोल | खुट्टापिपराढी |
| २ | माझी जनज्योती प्रा.वि. मुसहरीटोल | खुट्टापिपराढी |
| ३ | शहिद नागेन्द्र प्रा.वि. | खुट्टापिपराढी |
| ४ | गोपाल जनता प्रा.वि. जगदीया | महदैया तपनपुर |
| ५ | जनता प्रा.वि. कविरगामा | भ्रमरपुरा |
| ६ | लालबाबु कौशिल्या प्रा.वि. | बगडा |
| ७ | दास प्रगति प्रा.वि. मुसहरीटोल | खुट्टापिपराढी |

### ६.८ स्वास्थ्य

स्वास्थ्य मानव जीवनको सर्वोपरि महत्व राख्दछ । कुनै पनि देशको विकास स्थितिको एक महत्वपूर्ण सूचकको रुपमा जनस्वास्थ्यको स्थिति रहने गरेको पाईन्छ । रोगी एवं दुर्बल जनताबाट विकासको अपेक्षित प्रतिफल प्राप्त गर्न सकिंदैन । लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप जनताले स्वास्थ्य सेवा प्राप्त गर्न पाउनु र राज्यले सोको व्यवस्था मिलाउने मानवअधिकार कै एक पक्ष भएको पाईन्छ । यस नगरपालिकामा वर्तमान स्वास्थ्य स्थितीको अवस्था यस प्रकार रहेको छ ।

| कार्यक्रम विवरण | जनसंख्या |
|---|---|
| कुल जनसंख्या | ३९८८३ |
| १ वर्षभन्दा कमको जनसंख्या | १०१२ |
| २ वर्षका जनसंख्या | १२०३ |
| ३ वर्षका जनसंख्या | २४२९ |
| ६ देखि ३५ महिनासम्मका जनसंख्या | ३६५० |
| ६ देखि ५९ महिनासम्मका जनसंख्या | ३३९३ |
| २५ देखि ५९ वर्षसम्मका जनसंख्या | १३६४७ |
| ARI/CDD/Nutrition (५ वर्ष मुनिका संख्या) | ५२२२ |
| १५ देखि ४४ वर्षसम्मका महिला संख्या | ८९०३ |
| १५ देखि ४९ वर्षसम्मका महिला संख्या | ९७३४ |
| १५ देखि ४९ वर्षसम्मका विवाहित महिला संख्या | ५२४७ |

| | |
|---|---|
| अनुमानित गर्भवती | ११०३ |
| १० देखि १९ वर्षसम्मका किशोर किशोरी संख्या | ८९८२ |
| अनुमानित जीवित जन्म | ८१२ |

६.९ *स्वास्थ्य सेवाको उपलब्धताको विवरण*

*– प्राथमिक स्वास्थ्य केन्द्र/उपस्वास्थ्य चौकिबाट प्रदान गरिने सेवाहरु यस प्रकार छन् :*

**नियमित सेवा** : १ वर्ष मुनिका बच्चाहरु तथा गर्भवति महिलाहरुलाई खोप क्लिनिक

**– सामान्य विरामी जाँच तथा प्रारम्भिक उपचार सेवा** :

- दैनिक विरामी जाँच औषधि वितरण, सल्लाह तथा उपचार सेवा
- कार्यक्रमको रेकर्ड तथा रिपोर्ट र सुपरभिजन

*– पोषण सेवा :*

- ३ वर्ष मुनिका बच्चहरुको तौल लिने तथा परामर्श सेवा
- ६ महिना देखि ५ वर्ष मुनिका बच्चाहरुलाई भिटामनि ए वितरण
- १ वर्ष देखि ५ वर्ष मुनिका बच्चालाई जुकाको औषधि वितरण
- गर्भवति र सुत्केरी महिलालाई आइरन चक्कि वितरण

**– सुरक्षित मातृत्व सेवा** :

- गर्भवति जाँच तथा परामर्श, सुत्केरी सेवा, सुत्केरी पछिको सेवा

**– परिवार नियोजन सेवा** :

- परामर्श र अस्थायी साधन वितरण (कण्डम, पिल्स र डिपो)

**– क्षयरोग सेवा** :

- शंकास्पद विरामीको खकार परिक्षणको सल्लाह, उपचार, परामर्श र अनुगमन

**– महामारी रोग नियन्त्रण** :

- महामारी फैलिन नदिने स्वास्थ्य शिक्षा र अन्य चेतनामूलक कार्यक्रम ।

**– झाडा पखाला रोग नियन्त्रण** :

- विरामी जाँच, उपचार, परामर्श र पोषण सेवा

**– स्वास प्रस्वास सम्बन्धि रोग नियन्त्रण सेवा** :

- विरामी जाँच, उपचार, परामर्श र पोषण सेवा

**– HIV/AIDS/STD नियन्त्रण सेवा**

- जनचेतनामूलक कार्यक्रम र STD परामर्श

*६.१० स्वास्थ्य प्रमुख सम्बन्धी सूचकहरु*

| सूचक | महोत्तरी |
|---|---|
| औषत आयू | ६३.५ |
| कोरामृत्यु दर (प्रतिहजार) | ६.२३ |
| शिशुमृत्यु दर (प्रतिहजार) | ६१.८३ |

**६.११ जनशक्ति विवरण :**

**– यस नगरपालिका भित्र *५* वटा *प्राथमिक/*उपस्वास्थ्य चौकी कार्यरत रहेका छन् । सो उपस्वास्थ्य चौकीमा रहेको जनशक्ति विवरण यस प्रकारकार छन् ।**

| सि.नं. | पद | दरबन्दी संख्या | पदपुर्ती संख्या |
|---|---|---|---|
| १ | मे.अ. | १ | १ |
| २ | हे.अ. | ६ | ६ |
| ३ | अ.हे.व. | १२ | १२ |
| ४ | अ.न.मि. | १० | १० |
| ५ | नर्स | ३ | ३ |
| ६ | का.स. | ४ | ४ |

**६.१२ खानेपानी तथा सरसरफाई**

खानेपानी मानव जीवनका लागि नभई नहुने आधारभूत आवश्यकता हो भने सरसफाई मानिसको स्वास्थ्य र प्रतिष्ठासँग गाँसिएको महत्वपूर्ण पक्ष हो । त्यसैले खानेपानी तथा सरसफाईलाई सामाजिक तथा आर्थिक विकासको प्रमुख आधारका रुपमा लिन सकिन्छ । दुषित खानेपानी तथा कमजोर सरसफाइको कारण नेपालमा वर्षेनी ५ वर्षभन्दा कम उमेरका करिव १३००० वालवालिकाहरु मृत्युको मुखमा पर्ने गरेका छन् । ८० प्रतिशत रोगहरु पनि प्रदुषित खानेपानी तथा कमजोर सरसफाइको कारण हुने तथ्य जगजाहेर नै छ ।

यस नगरपालिकाको ७३१७ घरधुरी मध्ये ६९१४ घरधुरीले स्वस्च्छ खानेपानी सुविधा लिएको छ । भने बांकी केही प्रतिशतले अरुको हैण्ड पाईप, ईनारबाट पानीको सुविधा लिएका देखिन्छ । त्यस्तै ६२०७ घरधुरीहरुमा चर्पीको प्रयोग भईसकेको देखिन्छ । यसरी यस नगरपालिकामा निकट भविष्यमा खानेपानी र सरसफाईको हिसावले पूर्ण रुपमा खुल्ला दिशामुक्त घोषणा हुने देखिन्छ ।

### *६.१३ खानेपानी पहुचको आधारमा घरधुरीको विवरण :*

| सि.नं. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जम्मा घरधुरी | ७३१७ | १०० |
| २ | खानेपानी पहुच भएको घरधुरी | ६९१४ | ९४.५ |




### *६.१४ चर्पीको आधारमा घरपरिवारको विवरण :*

| सि.नं. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जम्मा घरधुरी | ७३१७ | १०० |
| २ | चर्पी भएको घरधुरी | ६२०७ | ८४.८२ |
| ३ | चर्पी नभएको घरधुरी | १११० | १५.१८ |



### ६.१५ खेलकुद तथा मनोरञ्जन

खेलकुद तथा मनोरंजको रुपमा नगरपालिकाका यूवाहरु फुटवल, क्रिकेट, भलीवल, व्याडमिन्टन, कबडी खेल्ने गरेको पाईन्छ । खेलकुद मैदानको रुपमा श्री रामदेव ज.मा.वि. भ्रमरपुरामा रहेको पाईन्छ ।

### ६.१६ समाज कल्याण तथा सामाजिक सुरक्षा

ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवलाई विकास प्रक्रियामा उपयोग गर्नुका साथै उनीहरुको हक अधिकार स्थापित गराउनु पर्ने छ । यसका लागि नेपाल सरकारले ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ र नियमावली, २०६५ मार्फत ज्येष्ठ नागरिकहरुको आधारभूत हक अधिकारको संरक्षण गरी उनीहरुलाई सम्मानपूर्वक जीवनयापन गर्न उनीहरुको उन्नति र संरक्षणका साथै सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउने पहल गरेको छ । साथै सरोकारवाला निकायबीच समन्वयका लागि उच्चस्तरीय केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको स्थापना र सबै नगरपालिकामा हेरचाहका लागि नगरपालिका ज्येष्ठ नागरिक कल्याण समिति गठन भईसकेको भएता पनि लोहारपट्टी नगरपालिकामा उक्त समिति त्यति प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिंदैन । नगरपालिकामा वृद्धाश्रमको स्थापना हुन सकेको छैन भने उनीहरुका लागि सेवा प्राप्त गर्न जाँदा सहुलियतको व्यवस्था नभएको गुनासो सुनिने गरिएको छ ।

### *६.१७ <u>सामाजिक न्याय तथा विकास</u>*

**जेष्ठ नागरिक, असहाय विधवा र अशक्त सम्बन्धी विवरण :**

| जेष्ठ नागरिक | एकल महिला | अशक्त | कुल जम्मा |
|---|---|---|---|
| १३६४ | ११५७ | २८ | २५४९ |

### ६.१८ महिला तथा वालवालिकाको विकास स्थिति

नेपालको योजनावद्ध विकासपद्धतिको विश्लेषण गर्ने हो भने प्रथम पञ्चवर्षीय योजनादेखि क्रमिक रुपमा सुधारात्मक प्रयासहरु हुदै आएका छन । नेपालको ग्रामिण परिवेशमा लैंगिक विभेद एवं रुढीबादी परम्परा एवं सँस्कृतिबाट भौगोलिक, आर्थिक, सामाजिक अवस्था अनुसार फरक फरक मात्रामा पिरोलिएको पाईन्छ । नगरपालिकामा लैंङ्गिक विभेदको स्थिति थाहा पाउन विभिन्न चलनचल्तिका सूचकहरु घरमा गरिने व्यवहार, महिलाहरुको विभिन्न स्थानमा आवत जावतमा अवरोध तथा आवागमन गर्दा महिलाहरु प्रति समाजको दृष्ट्रिकोण, घरायसी निर्णयहरुमा महिलाहरुको सहभागिता, घरेलु हिंसा, मद्यपानको स्थिति, जुवातास खेल्ने स्थिति, पत्निलाई सम्पत्ति

ठान्ने प्रवृति, महिलाहरुको सम्पत्तिमा पहुँच र नियन्त्रणको स्थिति, छोरा र छोरी बीच भेदभावको स्थिति, पुरुषहरुले घरायसी काम नगर्ने आदि रहेका छन् । टोल, बस्ती, गाउँ तथा नगरपालिकामा महिला तथा बालबालिकाहरुको अवस्थालाई मध्यनजर गर्ने हो भने सामाजिक, राजनैतिक, आर्थिक तथा समान सहभागिताबाट बन्चित हुनुपरेको अवस्था सर्वविदितै छ । महिला हिंसा दुव्यहार, दुर्व्यवहार, हेला, सामाजिक वहिस्कारका घटनाहरु निरन्तर घटिरहेका छन । आजको आवश्यकता समविकासको सिद्धान्तलाई ध्यानमा राख्दै समतामुलक समाजको आवश्यकता छ । यहाँ तर्जुमा हुने योजनाहरुले यी विविध खालका समस्या तथा सवालहरुलाई सम्बोधन गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ ।

### ६.१९ समाजमा विद्यमान सामाजिक कुरीति तथा सांस्कृतिक मूल्य एवं मान्यताहरु :

यस नगरपालिकामा भएका औपचारिक तथा अनौपचारिक संघसंस्थाहरूमा यी सबै समूहमा महिलाले बाहिर गएर बोल्नु हुदैन भन्ने मान्यता, छुवाछुतको व्यवहार छदैछ तर महिलाहरुको नेतृत्वमा केही बचत समूह, आमासमूह, आय आर्जन समूहहरू गठन भने भएका छन् ।

प्रचलित मूल्य मान्यताले गर्दा केही समस्याहरू सृजना भएका छन् । जस्तैः जातिगत रुपमा हेर्दा चमार जातिले मरेको सिनो फ्याक्नु पर्ने, ढोल जातिले ढोल बजाउने चलन रहेको छ । तर कतिपय जातिगत छुवाछुतको कारणले गर्दा दलितहरूमाथि त्यस्ता काम गर्न दवाव दिएको जस्तो देखिन्छ । यस्तो अवस्थाले गर्दा कतिपय जातिहरूको सामाजिक सम्पत्ति कमाउनुको सट्टा उल्टै समाजमा हेपिएर बस्नु पर्ने बाध्यता रहेको छ ।

### ६.२० *नगरपालिकामा विद्यमान सामाजिक मूल्य, मान्यता, र सँस्कृति*

⇒ घुम्टो प्रथा : सवै जातिहरुमा अशिक्षित परिवारमा बढि

⇒ दहेज प्रथा : सवै जातिहरुमा रहेको

⇒ जातिय छुवाछुत : सवै वडामा रहेको छ । छोइ छिटोको कम भए पनि खान पान र भोज भतेरमा कायमै रहेको छ ।

⇒ बालविवाह : दलित र विपन्न परिवारहरुमा बढि

⇒ छोरा छोरीमा हुने भेदभाव : केही मात्रामा छोरा र छोरीमा फरक व्यवहार : शिक्षा र अवसरमा

⇒ छोरा पाउनु पर्ने दवाव : विवाहित महिलामा छोरा पाउनु पर्ने र नपाए मानसिक पीडा दिने चलन पनि छ ।

⇒ महिलाहरुलाई सामाजिक र सार्वजनिक स्थानमा हुने भेदभाव : महिलाहरुलाई सार्वजनिक स्थानमा भाग लिने र आफ्ना कुरा राख्न नपाउने अवस्था

समुदायमा जातिगत विभेदको अध्ययन गर्दा महिला, पुरुष, दलित, जनजाति तथा माथिल्लो जाति र दलितको बिचमा छुवाछुत, धनी गरिब बिचको ठूलो खाडल छ भन्ने तथ्य माथिका महिलामा गरिने बिभेद, दहेज प्रथा , सामाजिक कार्य जस्ता कार्यमा खानपान र भोज भतेरमा गरिने भेदभावले पुष्टि गरेको पाईन्छ । त्यति मात्र होइन विपन्न र दलित विचमा आफैमा पनि छुवाछुतको भावना रहेको पाउन सकिन्छ । यस्ता कारणहरूले गर्दा कहिले काही मनमुटाव हुने गरेको पाईन्छ । सामाजिक सहिष्णुताको कुरा गर्दा जस्लाई जे धर्म मान्न वा आस्था छ उस्ले त्यो धर्म निर्धिक्क साथ मान्न पाउने चलन छ त्यसमा कसैको केही दवाव भएको पाइएन ।

समाजमा विद्यमान रहेको अन्धविश्वास र कुसंस्कारको परम्परामा महिलालाई बोक्सीको आरोप लगाउने, कोही बिरामी हुँदा धामी झाँक्रिकोमा गई उपचार गराउने चलन अझै पनि रहेको छ यदि धामी झाक्रिको उपचार बाट निको नभएमा मात्र स्वास्थ्य संस्था लैजाने चलन रहेको छ । समुदायमा सामाजिक बन्धनको र भर पर्ने कुरामा कामको हिसावले धनी गरिव माथि र गरिब मजदुरी गरि ज्याला पाउने भएको धनीमा निर्भर गरेको पाइन्छ । यसरी उनी एक अर्का प्रति परनिर्भर रहेको पनि पाउन सकिन्छ ।

सार्वजनिक धाराको उपभोग गाउँका सबै व्यक्तिले गर्ने गरेको जानकारी प्राप्त भएको छ । मस्जिदमा पुरुषहरूले मात्र जान पाउँछन् । सार्वजनिक धाराको पानी सबैले प्रयोग गर्ने गरेको तर त्यसको मरमत गर्नु पर्ने समयमा कसैको ध्यान नै नजाने जानकारी प्राप्त भएको छ । कतिपय ठाउँहरूमा यस्ता सार्वजनिक धाराहरू मरमतको अभावमा प्रयोग विहिन भएको उदाहरणहरू प्रशस्त पाउन सकिन्छ । कुनै पनि सार्वजनिक सम्पत्तिको उपभोग सँगसँगै मरमत सम्मार पनि हामी आफैले गर्नु पर्छ भन्ने जनचेतनाको अभावले पनि सार्वजनिक सम्पत्तिहरूको यस्तो अवस्था हुन गएको हो ।

समुदायमा प्रचलित मूल्य मान्यता चलन अनुसार समुदायिक क्रियाकलाप पुरुषलेनै बढी सहभागिता जनाउने गर्छन् । महिलाको सहभागिता भएमा पुरुषको प्रतिष्ठामा धक्का लाग्न सक्छ भन्ने सोच सबैमा व्याप्त छ । चमार जातिले सिनो (मरी) फ्याक्ने, ढोल बजाउने काम गर्नु पर्छ भन्ने दवाव आउने गरेको छ । अनि त्यहाँका चलन मध्ये ठूला बडाका घरमा कामगर्ने नोकर बस्ने चलन पनि छ ।

## ६.२१ समस्या र अवसरहरु

- समुदायमा सरसफाइको कमिको कारणले अधिकांश रोगको महामारी फैलाएको देखिदा चर्पिको निर्माण गरि स्वास्थ्य सम्बन्धि जनचेतनाकरणका कार्यक्रम सञ्चालन गर्ने अवसरहरु समुदायमा रहेको छ ।
- कतिपय समुदायका मानिसहरु सीप भएर पनि पुँजीको अभावमा आय आर्जन सम्बन्धि कामहरु गर्न नसकेको हुदा बचत समूह तथा विउ पूजी परिचालनको अवसरहरु देखिएको छ
- अधिकांश गरिबीका विद्यार्थीहरु आर्थिक अभावका कारणले विचैमा विद्यालय छोड्ने प्रवृति हुँदा अभिभावकहरुलाई आयआर्जन कार्यक्रममा समावेश गराएमा यो समस्याको दीर्घकालिन समाधान देखिन्छ ।
- नगरपालिकामा विभिन्न संघ संस्थाहरु कार्यरत रहेतापनि त्यसमा दलित महिलाको सहभागिता न्यून देखिएको हुदा उनीहरुलाई महिला अधिकार तथा मानव अधिकारका विषयमा सचेतना जगाउने खालका कार्यक्रम समावेश गर्दा ति निकायमा त्यस्ता वर्गको सहभागिता बढ्ने अवसर देखिन्छ ।
- स्थानिय स्तरमा हुने विवादहरु समुदायस्तरबाट समाधान गर्ने न्यायिक समिति मार्फत त्यसलाई विवाद व्यवस्थापन गर्ने सीप हस्तान्तर गर्ने हो भने समुदाय स्तरका विवादहरु समुदाय स्तर व्यवस्थापन गर्ने सकिने सम्भावना रहेको छ ।
- कतिपय सामाजिक मूल्य मान्यतालाई समुदायलाई अगाडि बढन नदिएका हुदा सुधार गर्नु पर्ने तथा बदल्नै पर्ने मूल्य मान्यतालाई सूचिकृत गरि कार्यक्रम अगाडि बढाउने हो भने यस्ता समस्याहरु न्यूनिकरण गर्न सजिलो हुन्छ ।

गरिब तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका वर्गहरु असंगठित भएकोले कतिपय समस्याहरुलाई उनीहरु समाधान गर्न नसकेको हुँदा त्यस्ता वर्ग तथा समुदायलाई संगठित गरि सशक्तिकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यक देखिन्छ

*६.२२ १५ वर्ष भन्दामुनिका बालबालिकाहरुको संख्या*

| समुह | उमेर समुह | | | |
|---|---|---|---|---|
| | जम्मा | ०–४ | ५–९ | १०–१४ |
| जम्मा | १६३६१ | ५२२२ | ५६८२ | ५४५७ |
| पुरुष | ८२८७ | २५७३ | २८६९ | २८४५ |
| महिला | ८०७४ | २६४९ | २८१३ | २६१२ |




## ६.२३ उपेक्षित उत्पीडित, मधेशी, दलित तथा जनजातिको स्थिति

लोहारपट्टी नगरपालिका महोत्तरी जिल्लाको अन्य गा.पा./न.पा.को तुलनामा धेरै दलित तथा जनजाती जनसंख्या भएको नगरपालिका मध्येको एक हो । सामाजिक भेदभाव तथा छुवाछुतको कारणले यी समुदायको समग्र सामाजिक स्थिति कमजोर रहेको छ। शासन प्रक्रियामा सहभागिता र निर्णय प्रक्रियामा पहुँच कमजोर रहेको छ। हालका दिनहरुमा विभिन्न निकायहरुबाट सञ्चालित सामुदायिक विकासका क्रियाकलापहरुबाट सशक्तीकरणको पक्षमा सुधार आएको भएता पनि राजनीतिक क्रियाकलापमा अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व अझै सन्तोषजनक हुन सकेको छैन । यिनीहरुको शिक्षा, स्वास्थ्य जस्ता सार्वजनिक सेवामा पहुँच कम छ। अधिकांश दलितहरु भूमिहीन भएका कारणले यिनीहरुको आर्थिक अवस्था कमजोर रहेको छ। यसरी दलितहरुको शैक्षिक, आर्थिक, समाजिक, स्वास्थ्य, राजनीतिक आदि क्षेत्रमा पछाडी परेका छन् ।

*६.२४ जनजाति/मधेशी तथा पिछडावर्गहरुको स्थिति*

यसैगरी यहाँ आदिबासी तथा जनजातिहरुको न्यून संख्यामा वसोवास रहेको छ। सार्वजनिक सेवामा यिनीहरुको पहुँच कमजोर रहेको छ। कृषिजन्य पेशमा संलग्न यी समुदायका मानिसहरुको

शिक्षा, स्वास्थ्यको अवस्था कमजोर रहेको मानिन्छ । आर्थिक हिसावले समेत कमजोर मानिने यी वर्गका व्यक्तिहरु आय आर्जनको लागि भारत लगाएत विदेशमा पनि जाने गरेका छन ।

**६.२५ अपाङ्गता भएकाहरुको विवरण**

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि र यसको इच्छाधिन आलेख २००६ लगायत अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई व्यवहारमा उतार्नका लागि समुदायमा आधारित पुनःर्स्थापना कार्यक्रम, विशेष शिक्षा, समाहित शिक्षा, निःशुल्क सहायक सामग्री, अपाङ्गतासम्बन्धी चेतनामूलक श्रव्य दृश्य सामग्री, समावेशीकरण, अपाङ्गता भएका व्यक्तिहरुको संस्थागत विकास अनुदान, सामाजिक सुरक्षा भत्ता वितरण लगायत विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

**६.२६ अपाङ्गता भएका जनसंख्या**

| सि.नं. | अपाङ्गता भएका जनसंख्या | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | शारीरिक अपाङ्गता | २५० | १३३ | ११७ |
| २ | दृष्टि सम्बन्धी अपाङ्गता | १३५ | ५७ | ७८ |
| ३ | सुनाई सम्बन्धी अपाङ्गता | ९२ | ५१ | ४१ |
| ४ | श्रवण दृष्टिविहिन | २० | १२ | ८ |
| ५ | स्वर बोलाई सम्बन्धी | १०६ | ५४ | ५२ |
| ६ | मानसिक अपाङ्गता | ६३ | ४२ | २१ |
| ७ | बौद्धिक अपाङ्गता | १८ | ११ | ७ |
| ८ | बहु अपाङ्गता | २० | ११ | ९ |
| | जम्मा | ७०४ | ३७१ | ३३३ |

*यस नगरपालिकामा रहेका जनसंख्याहरुमा १.५९ प्रतिशत भएका छन ।*

*६.२७ <u>स्थानीयस्तरमा मानव अधिकारको अवस्था</u>*

संयुक्त राष्ट संघबाट सन् १९४८ मा मानव अधिकार सम्बन्धि घोषणापत्र जारी भयो । यसलाई नेपालले सन् १९५० मा पारित गऱ्यो । सन् १९८९ नोभेम्बर २० का दिन संयुक्त राष्ट्रसंघको महासभाले बालअधिकार सम्बन्धी महासन्धि पारित गऱ्यो । यसलाई नेपालले सन् १९९० मा अनुमोदन गऱ्यो । महिला विरुद्ध हुने भेदभाव विरुद्धको अभिसन्धि सन् १९८९ मा पारित गऱ्यो । यस मानव अधिकार तथा यस सम्बन्धी विभिन्न सन्धि, अभिसन्धि एवं ऐच्छिक आलेखहरु पारित गरेको छ । यी नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अभिसन्धिहरुलाई नेपाल सरकारले

कानून निर्माण गरी कार्यान्वयन गरी रहेको छ । मानव अधिकारलाई नेपालको अन्तरिम संविधानमा मौलिक हकका रुपमा स्थापित गरी त्यसै वमोजिम सवै कार्यक्रमहरु निर्देशित रहेका छन् ।

### ६.२८ सुशासन र विकेन्द्रीकरणको अवस्था

नगरपालिकामा सुशासन र विकेन्द्रिकरणको अवस्थालाई निम्नानुसारका सूचकहरुको आधारमा विश्लेषण गरिएको छ ।

### *६.२९ योजना, आयोजना, कार्यक्रमहरुको अनुगमन*

योजना तर्जुमा विनियमावली २०७४, स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६, वार्षिक नगरपालिका विकास योजना तर्जुमा कार्यविधि २०६८ तथा स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ लगायतका नीति, नियमहरुमा विभिन्न तहबाट अनुगमन गर्ने सम्बन्धी प्रावधानहरुको व्यवस्था भएको पाइन्छ । राष्ट्रिय योजना आयोगबाट नतिजामुखी आयोजना तर्जुमा तथा अनुगमन दिग्दर्शनको विकास भएको छ । आयोजना तथा कार्यक्रम अनुगमनका लागि विभिन्न अनुगमन तथा सुपरीवेक्षण समितिहरुको व्यवस्था रहनुका साथै समय समयमा अनुगमनका क्रियाकलापहरु सञ्चालन पनि हुने गरेका छन् । संविधान निर्माण पश्चात स्थानीय तहको चुनाव भई जनप्रतिनिधिमुलक नगरपालिका बनीसकेको हुदां संविधान र योजना आयोजना कार्यक्रमहरुको अनुगमनको लागी वडा तथा नगरपालिका स्तरबाट सघन अनुगमनको आधारमा कार्यक्रमको प्रभावकारिता बढाउनुपर्ने देखिन्छ ।

### *६.३० सार्वजनिक लेखाजोखा*

योजना तर्जुमा विनियमावली २०७४, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन निर्देशिका २०६९ एवं सार्वजनिक परीक्षण कार्यविधि अनुरुप स्थानीय निकायबाट सम्पन्न कार्यक्रमहरुको सार्वजनिक लेखाजोखा गर्ने गरिन्छ । हाल जनप्रतिनिधिमुलक अवस्थाले गर्दा सार्वजनीक लेखाजोखा जनकेन्द्रित हुने विश्वास लिईएको छ ।

### *६.३१ सार्वजनिक सुनुवाई*

सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी र जनसहभागितामूलक बनाउने र त्यसको प्रतिफल जनतालाई उपलब्ध गराउने पर्ने हुन्छ । त्यसैले सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो रुपमा पाउने अवस्था सृजना गर्ने उद्देश्यका साथ सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ जारी भई कार्यान्वयनमा रहेको छ । यसै प्रावधान तथा स्थानीय निकायहरुले आफूले गरेका कार्यहरुप्रतिको जवाफदेहीता स्थापित गर्ने एवं सेवाग्राहीलाई सन्तुष्टि दिलाउन र विग्रिको अवस्थामा सुधार गर्न पृष्ठपोषणका लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । त्यसका लागि योजना तर्जुमा विनियमावली २०७४, स्थानीय निकाय आर्थिक प्रशासन

नियमावली २०६४, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन निर्देशिका २०६९ लगायतका नीतिगत व्यवस्था गरिएको छ । यसको कार्यान्वयनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि २०६८ तर्जुमा भई जारी भैसकेको छ । यिनै व्यवस्था वमोजिम नगरपालिका समेतले वर्तमान बदलिदों परिस्थितीमा कम्तीमा २ पटक सार्वजनीक सुनुवाई गर्नुपर्ने देखिन्छ ।

### *६.३२ नागरिक वडापत्र प्रयोगको अवस्था*

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ ले सेवा प्रवाह र जनसम्पर्क हुने कार्यालयले नागरिक वडापत्र राखी प्रयोगमा ल्याउनु पर्दछ भन्ने व्यवस्था गरिएको छ । नागरिक वडापत्रमा सेवा दिने कार्यालय, आवश्यक प्रक्रिया र लाग्ने दस्तुर, सम्पर्क गर्नुपर्ने अधिकारी आदि विवरण समावेश गर्नुपर्ने व्यवस्था अनुसार लोहारपट्टी नगरपालिकामा पनि नयां संविधान र कानुनी प्रकृया अनुसार नागरिक वडापत्रलाई व्यवस्थित गरी राख्नुपर्ने देखिन्छ । यसको नियमित अनुगमन तथा सर्वधारणमा नागरिक वडापत्रको प्रयोग गर्ने र उजुरी व्यवस्थापन गर्ने प्रक्रियालाई सुदृढ गर्नुपर्ने देखिन्छ ।

### *६.३३ सामाजिक परिचालन*

लोहारपट्टी नगरपालिकाबाट स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत १० वटा नागरिक सचेतना केन्द्र कार्यरत रहेका छन् । जसमा जम्मा २५० सदस्यहरु रहेका छन, सोमध्ये पुरुष ४ र महिला २४६ रहेका छन् । साथै यस नगरपालिकाको साविक गाविसहरुको ४५वटा वडाहरुमा  वडा नागरिक मंच कृयाशिल रहेको छ । जसमा ११२५ सदस्य रहेका छन् । सो मध्ये ३७५ महिला र ७५० पुरुष रहेको देखिन्छ ।

### *६.३४ बालमैत्री स्थानीय शासन तथा बाल सहभागितामूलक योजना तर्जुमा प्रक्रिया*

नगरपालिकाको समग्र विकास प्रक्रियालाई स्थानीय आवश्यकता अनुरुप सम्बोधन गर्ने उद्देश्यले निर्धारण गरिएको नीतिगत व्यवस्था वमोजिम नगरपालिकाको समावेशी एवं सहभागितामूलक योजना तर्जुमा गरी कार्यान्वयन गरिन्छ । सेवाग्राहीको सवैभन्दा नजिकको तह वस्तीस्तरदेखि गाउँ स्तरीय योजना तर्जुमा गर्ने सहभागितात्मक प्रक्रिया प्रारम्भ भई कार्यान्वयनमा रहेको छ । हालका दिनहरुमा महिला, दलित, जेष्ठ नागरिक, जनजाति, मधेशी र पिछडिएका वर्गलाई योजना तर्जुमामा प्राथमिकता दिने तथा बालबालिकाहरुका आवाजलाई योजना तर्जुमा प्रक्रियामा समेट्न वालभेला मार्फत योजना माग गर्ने अभ्यासको प्रारम्भ भएको छ ।

# खण्ड-७ नगरपालिका विकास समस्याहरुको रणनैतिक विश्लेषण

## ७ *नगरपालिका विकास समस्याहरुको विश्लेषण*

लोहारपट्टी नगरपालिकाका समस्याहरु सामाजिक विकाससँग सम्बन्धित बढी देखिन्छन् । यहाँको न्यून साक्षरता दर, लैंगिक असमानता, सामुदायिक असमानता, आर्थिक असमानता आदिले गर्दा विकासका सूचकहरुमा अपेक्षित उपलब्धि हासिल हुन सकेको देखिदैन ।

यहाँको कृषियोग्य जमिनमा अधिकांश सिंचाई सुविधाविहीन छन् । व्यवसायिक पशुपालन हुन सकेको छैन । औद्योगिक विकासका लागि सीप र क्षमता कमजोर हुनाले प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको कमी छ । पर्यटनतर्फ ध्यान पुग्न सकेको छैन । सहकारीको विकास हुन सकेको छैन । विद्यालय वाहिर रहेका वालवालिकाको संख्या उल्लेख्य हुनुका साथै विद्यालय भर्ना भएकाहरु पनि विद्यालय छोड्ने तथा उच्च शिक्षा हासिल गर्ने दर न्यून छ । स्वास्थ्य सेवा नगरपालिकामा भरपर्दो र सर्वसुलभ छैन । लैंगिक समानता तथा सामाजिक समावेशीकरण कमजोर हुनाले विकासको प्रतिफल वास्तविक समुदायसम्म पुग्न सकेको छैन । भौतिक पूर्वाधारहरु जिर्ण र सेवा दिनेखालका छैनन् । हरेक वर्ष बाढी र डुवानको प्रकोपबाट स्थानीय वासिन्दा पीडित छन् । ऊर्जाको उचित व्यवस्थापन हुन सकेको छैन । सार्वजनिक सेवा प्रभावकारी नहुँदा स्थानीय वासिन्दाहरुले छिटो छरितो र प्रभावकारी सेवा पाउन कठिन हुने गरेको छ । यस नगरपालिका विकासका मुख्य मुख्य समस्याहरु समष्टिगत रुपमा निम्न अनुसार रहेका छन् ।

*आर्थिक विकास*

### ७.१ कृषि तथा पशु सेवा

- व्यवसायिक कृषिको कमी
- आधुनिक र समय सापेक्ष कृषि औजारको प्रयोगमा  कमी
- कृषि उत्पादन न्यून हुनु
- बाढी तथा सुख्खाको उच्च जोखिम

### ७.२ घरेलु तथा साना उद्योग

- सीपमुलक तालिम प्राप्त जनशक्ति न्यून हुनु
- उद्योगमा प्रतिस्पर्धा क्षमताको कमी

### ७.३ *सहकारी विकास*

- सहकारी विकासमा कमी
- सहकारी समिति गठनमा विवाद

## ७.४ सामाजिक विकास

### ७.४.१ शिक्षा

- बाल विकास केन्द्रहरु प्रभावकारी रुपमा सञ्चालन नभएको
- नगरपालिकाभित्रका ७% बालबालिका विद्यालय भर्ना नभएको
- नगरपालिकाका ६% बालबालिकाहरुले कक्षा दोहोऱ्याउने गरेको
- गउपालिकाका प्रत्येक वडामा आधारभूत तहको सामुदायिक विद्यालय नभएको
- उच्च शिक्षामा नगरपालिका वासीको पहुँच कम भएको

### ७.४.२ महिला

- घरेलु हिंसाका घटना उच्च रहेको
- महिलाको साक्षरता दर न्यून,
- निर्णय प्रक्रियामा महिलाहरुको न्यून सहभागिता तथा पहुंचको अभाव
- न्यायमा सहज पहुँचको कमी
- प्रजनन स्वास्थ्य सम्बन्धी चेतना नहुनु, स्वास्थ्य सेवा उपलव्ध नहुनु
- दाइजो प्रथा कायम हुनु
- एकल महिलालाई हेर्ने नकारात्मक दृष्टीकोण

### ७.४.३ वालवालिका

- बालविबाहका घटना कायम हुनु
- विद्यालय सरसफाईको कमी
- विद्यालयमा नियमित पढाइ नहुनु
- विद्यार्थी नियमित उपस्थित नहुनु,
- निर्णय प्रक्रियामा बाल सहभागिता नहुनु
- सम्पुर्ण स्थानीय निकाय र विद्यालयहरु बालमैत्री नहुनु
- विद्यालयमा विज्ञान प्रयोगशाला नहुनु, कम्प्युटरको अभाव
- दलित वालवालिकालाई हेय व्यवहारका घटना हुनु
- पिछडा वर्गका वालवालिका विद्यालय कम जानु, विद्यालय छोडनु

### ७.४.४ खानेपानी तथा सरसफाई

- खुल्ला स्थानमा दिसापिसाव गर्ने परम्परा कायम हुनु
- खानेपानी तथा सरसफाई क्षेत्रको विपद् पूर्व तयारी योजना कियाशील नहुनु

- सार्वजनिक क्षेत्र तथा स्थानहरुमा सार्वजनिक शौचालय नहुनु

**७.४.५ अपाङ्गता भएका व्यक्ति**

- अपांगता भएका व्यक्तिको नीति निर्माणमा पहुँच नहुनु
- अपाँग व्यक्तिहरुका लागि नगरपालिकामा सहायक सामग्री (वैशाखी, ब्हीलचेयर आदि) उपलव्ध नहुनु तथा नभएको

**७.४.६ यूवा, संस्कृति तथा खेलकुद**

- युवाहरु विकासको मूलप्रवाहमा आउन नसक्नु
- युवाहरुमा प्रजनन् स्वास्थ्यसम्बन्धी ज्ञानको अभाव
- युवतिहरुले आफ्नो क्षमता अनुसार काम गर्न नपाउनु
- खेलकूद क्षेत्रको उपयुक्त विकास हुन नसक्नु
- मिथिला सँस्कृतिको जगेर्नामा कमी
- दलित समुदाय आर्थिक तथा सामाजिक रुपमा पछाडि पर्नु

*७.५* *भौतिक पूर्वाधार*

- सडक तथा पूर्वाधारबाट जनताले आवश्यक सेवा सुविधा प्राप्त गर्न नसक्नु
- दुई तिहाई क्षेत्रमा सिंचाई सुविधाको कमी
- नगरपालिका मुख्य नदीहरुबाट बाढीको प्रकोप हुनु

७.६ *वन तथा वातावरण*

- नवीकरणीय ऊर्जाको प्रयोगको कमी
- वातावरणमा प्रदुषण हुनु
- सार्वजनिक जग्गा अतिक्रमण गरी अन्य प्रयोगमा आएको

७.७ *संस्थागत विकास समुह*

- जनताले छिटो, छरितो र सर्वसुलभ रुपमा सेवा प्राप्त गर्न नसक्नु
- सूचना व्यवस्थापनको अभाव
- आन्तरिक राजश्व परिचालनमा कठिनाई

७.८ *नगरपालिकाका विकासका प्राथमिकताहरु*

७.८.१ सहभागितामूलक छलफलबाट निम्न उल्लेखित नगरपालिका विकासका प्राथमिकतायुक्त बिषयक्षेत्रहरुमा निर्धारण गरिएको छ ।

७.८.२ कृषि तथा सिँचाई (कृषिमा व्यवसायीकरण, उन्नत पशुपालन, मत्स्यपालन, फलफूल खेती, सतह तथा भूमिगत सिँचाई)

७.८.३ शिक्षा (गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयको सुदृढीकरण, प्रारम्भिक वालविकास केन्द्र, सीपमुलक एवम् व्यवशायिक शिक्षा)

७.८.४ सामाजिक विकासः (महिला, पिछडा वर्ग, दलित, मुस्लिम, अपाँगता भएका व्यक्ति, वालवालिका, द्वन्द्व प्रभावित व्यक्ति, एकल महिला, जेष्ठ नागरिक, युवा, तेश्रो लिङ्गी)

७.८.५ खानेपानी तथा सरसफाई (स्वच्छ खानेपानी, शौचालय)

७.८.६ स्वास्थ्य (गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य सेवा, सुविधा र पूर्वाधारमा पहुँच, मातृस्वास्थ्य, वालस्वास्थ्य)

७.८.७ पूर्वाधार विकास (सडकहरुको स्तरोन्नती, नवीकरणीय उर्जा प्रवर्द्धन, सूचना सञ्चार प्रबिधिको विकास)

७.८.८ सुशासन (सहभागितामूलक योजना तथा निर्णय प्रक्रिया, नागरिक समाजको सशक्तिकरण, जवाफदेही राजनीतिक संस्कार, पारदर्शी कार्यप्रणाली, सूचनामा नागरिकको पहुँच)

७.८.९ उद्योग (स्थानीय स्रोतमा आधारित उद्योगको स्थापना र विकास, वन तथा कृषिजन्य उद्योगहरु)

७.८.१०वातावरण, वन तथा भूसंरक्षण (साझेदारी वन, सार्वजनिक जग्गा व्यवस्थापन, नदी नियन्त्रण)

७.८.११पर्यटन तथा संस्कृति (धार्मिक पर्यटन, स्थानीय भाषा तथा मैथली संस्कृति र परम्परा, )

७.८.१२सहकारीसँग सम्वन्धित कार्यक्रम

## खण्ड-८

८ *नगरपालिकाले अपनाउन सक्ने रणनीतिहरु*

आर्थिक क्षेत्रमा तय गरिएका विषयगत उद्देश्य एवम् प्रतिफलहरू हासिल गर्न देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछ ।

८.१ *कृषि रणनीतिहरु :*

- कृषि क्षेत्रलाई व्यवसायीकरण, विविधिकरण गरी रोजगारका अवसर बढाउन नगरपालिका, विषयगत क्षेत्र, गैरसरकारी एवं निजी क्षेत्रमा दक्ष जनशक्ति विकास गरी लक्षित क्षेत्र एवं वर्गको आर्थिक उत्थान गर्ने ।
- युवाशक्तिलाई उपयुक्त प्रविधि, सीप र पूँजि उपलब्ध गराई कृषि क्षेत्रमा आकर्षिक गरी कृषि पेशालाई व्यसायिक र सम्मानित बनाउने ।
- साना कृषकलाई समूह/सहकारीमा आवद्ध गराई कम आयतन र उच्च मूल्यका बाली/वस्तु उत्पादन गर्न प्रोत्साहन गर्ने ।
- गरिब तथा साना कृषक/लक्षित वर्गको पारिवारिक पोषण तथा खाद्य सुरक्षामा टेवा पुऱ्याउन र जलवायु परिवर्तनसंग अनुकूलन हुने जैविक विविधतामा आधारित खेती प्रणालीलाई प्रोत्साहन गर्ने ।
- दीर्घकालीन रुपमा कृषि जैविक विविधताको संरक्षण एवं सम्वर्द्धन गरी पर्यावरणीय सन्तुलन अभिबृद्धि गर्ने ।
- नीजि उद्यमी र सहकारीको संलग्नता अभिबृद्धि गरी सहकारी तथा करार खेतीको प्रवर्द्धन गर्ने ।
- सूचना प्रविधिको मार्फत कृषि क्षेत्रमा आवश्यक सूचना प्रवाह गर्ने ।

८.२ *पशुपालन रणनीतिहरु :*

- नश्ल सुधारको माध्यमबाट स्थानीय पशुहरूमा गुणात्मक सुधार ल्याउने ।
- तुलनात्मक लाभ भएका पशुजन्य उत्पादन र वस्तुहरूको विशिष्टताबाट लाभ लिन प्रतिस्पर्धी मूल्य अभिबृद्धि श्रृङ्खलाको स्थापना तथा सुदृढीकरण गर्ने ।
- पशु तथा पशुजन्य उत्पादनको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने कार्यक्रमहरूलाई बढावा दिने ।

## ८.३ *उद्योग रणनीतिहरु :*

- लघु, घरेलु तथा साना, मझौला उद्योगहरुको विकास गर्ने ।
- तालिमप्राप्त उद्यम विकास सहजकर्ता तथा सीपमूलक तालिम प्राप्त जनशक्तिको परिचालन गर्ने ।
- उद्योग विकासका लागि स्थानीय आवश्यकता, सम्भावना, क्षमता विकास, स्रोतको उपलब्धता, बजार आदिका आधारमा उपयुक्त वातावरण सिर्जना गर्ने ।

## ८.४ *सामाजिक विकास क्षेत्रका रणनीतिहरु*

सामाजिक विकास क्षेत्रमा तय गरिएका विषयगत उद्देश्य एवम् प्रतिफलहरू हासिल गर्ने प्रक्रियालाई प्रभावकारी बनाउने दृष्टिकोणले योजना अवधिमा देहायबमोजिमका रणनीति अवलम्बन गरिनेछ :

### ८.४.१ *शिक्षा रणनीतिहरु :*

- शिक्षालाई गुणस्तरीय, सर्वसुलभ, विद्यालयहरुलाई छात्रा, अपाङ्ग एवं दलितमैत्री बनाउने ।
- विद्यार्थीहरूलाई विद्यालयमा नियमित उपस्थितिमा जोड दिने ।
- न्यूनतम शैक्षिक वातावरणका मापदण्डहरू कार्यान्वयनमा ल्याई न्यूनतम शैक्षिक पूर्वाधारको सुनिश्चितता कायम गरिनेछ ।
- व्यवसायिक एवं प्राविधिक शिक्षाको विस्तार गर्ने ।

### ८.४.२ *युवा तथा खेलकुद रणनीतिहरु :*

- खेलकुद, जीवनपयोगि सीप, योग तथा व्यक्तित्व विकास सबन्धी कार्यक्रम मार्फत युवाहरुलाई दुव्यर्सन तथा कुलतमुक्त गर्ने ।
- युवालाई नगरपालिका विकासको प्रमुख माध्यमको रुपमा परिचालन गर्ने ।

### ८.४.३ *साहित्य, कला तथा संस्कृति रणनीतिहरु :*

- नगरपालिकालाई साहित्य प्रवर्धन केन्द्रको रुपमा विकास गर्ने ।
- साँस्कृतिक, ऐतिहासिक महत्वका सम्पदाहरुको संरक्षण, सम्बर्धन र व्यवस्थापन गर्ने ।

### ८.४.४ *स्वास्थ्य रणनीतिहरु*

- प्रजनन स्वास्थ्य एवं पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउने ।
- गुणस्तरीय स्वास्थ्य सेवाका लागि निजी क्षेत्रको भूमिकालाई प्रोत्साहन गर्ने ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा, योग सेवाको एकीकृत विकास एवं विस्तार गरी सेवा सर्वसुलभ बनाउने ।

- स्वास्थ्य सेवा प्रवाह र उपयोगमा सरकारी, नीजि, सहकारी, सामुदायिक तथा विकासका साझेदार संस्थाहरु वीच सहकार्य गर्ने ।

### ८.४.५ *खानेपानी तथा सरसफाई रणनीतिहरु*

- खानेपानी सेवा र व्यक्तिगत सरसफाइ बृद्धि गर्न खुला दिशामुक्त अभियान विस्तार गर्ने ।
- फोहरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउने ।
- खानेपानी तथा सरसफाइ निर्माण र उपयोगमा वातावरणमैत्री एवम् जलवायु परिवर्तन अनुकूलनलाई ध्यान दिने ।

### ८.४.६ *लक्षित समुदाय रणनीतिहरु*

- विकासका गतिविधि सञ्चालनमा समाजिक समावेशीकरण तथा विभिन्न निकाय वीच सहकार्यलाई जोड दिने ।
- सामाजिक कुरीति तथा कुप्रथा अन्त्यका लागि कार्यक्रम सञ्चालन गर्ने ।
- लक्षित समुदायको क्षमता विकासमा ध्यान दिने ।

## ८.५ *भौतीक पूर्वाधार विकासका रणनीतिहरु*

भौतिक पूर्वाधार विकास क्षेत्र अन्तर्गत निर्धारण गरिएका विषयगत उद्देश्य एवम् नतिजाहरू हासिल गर्न देहायबमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछः

### ८.५.१ *पूर्वाधार विकासक्षेत्र रणनीतिहरु*

- पूर्वाधार विकासमा आर्थिक विकासका सम्भावना, क्षेत्रिय सन्तुलन एवं समावेशी विकासलाई टेवा पुऱ्याउने ।
- पूर्वाधार विकासमा दिगोपना, वातावरणमैत्री एवं जलवायु अनुकूलनका पक्षमा ध्यान दिने ।
- स्थानीय पूर्वाधार निर्माणका लागि न्यूनतम मापदण्ड निर्धारण गर्ने ।

### ८.५.२ *सडक तथा यातायात रणनीतिहरु*

- ठूला मेशीनको प्रयोगलाई कम गर्दै सडक यातायात निर्माण कार्यमा श्रममूलक एवं स्थानीय रोजगारमूलक प्रविधि अपनाउने ।

## ८.६ *वन तथा वातावरण क्षेत्रका रणनीतिहरु*

वन तथा वातावरण क्षेत्रमा तय गरिएका विषयगत उद्देश्य एवम् नतिजाहरू हासिल गर्न देहायबमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछः

*८.६.१ वन रणनीतिहरु*

- दिगो विकास र पर्यावरण सन्तुलन कायम गर्न जलाधार, वन तथा संरक्षित क्षेत्रहरुको व्यवस्थापन पद्धतिलाई समावेशी र सहभागितामूलक बनाउने ।
- वनस्रोतको बहुउपयोगमार्फत् जीविकोपार्जनमा सहयोग पुऱ्याउँदै वनप्रति स्थानीय समुदायको अपनत्वभाव बृद्धि गर्ने ।
- वनश्रोतमा आश्रित विपन्न, महिला, दलित, आदीबासी जनजातीहरुको जीविकोपार्जन सुधारका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने

*८.७ विपद् व्यवस्थापन*

- यस नगरपालिकालाई विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- सबै सरोकारवालाको सहभागितामा समन्वयात्मक रुपमा एकद्धार प्रणालीबाट विपद् जोखिम व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विपद प्रभावितका लागि राहत, अनुदान तथा सरल ऋणका लागि सहजीकरण गर्ने ।

*८.८. स्रोत परिचालन रणनीतिहरु*

- विकास कार्यमा स्थानीय संरचना, वस्तु, सेवा तथा स्थानीय श्रम, सीप उपयोगलाई प्राथमिकता दिने ।
- स्थानीय स्रोतको अधिकतम सदुपयोग गर्ने ।

*८.९ स्थानीय सुशासन रणनीतिहरु*

- योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीयस्तरको उपयुक्त राजनीतिक वातावरण बनाउने ।
- सार्वजनिक सेवालाई प्रभावकारी तथा जवाफदेही बनाउने ।

*८.१० विकास व्यवस्थापन रणनीतिहरु*

- स्थानीय विकासमा स्थानीय निकायको नेतृत्वदायी भूमिकालाई प्रभावकारी बनाउने ।
- निर्णय प्रक्रियालाई व्यवस्थित तथा सूचनामा आधारित बनाउने ।
- आयोजनाहरु गुणस्तरीय एवं समयमै सम्पन्न गराउनका लागि नियमित र प्रभावकारी अनुगमन गर्ने ।